रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ६, अङ्क २६, पूर्णाङ्क २५९ | २०७७ माघ २८ गते बुधबार | Wednesday, 10 Feb 2021 | www.eratokhabar.com | मूल्य रु. १०

रातोखबर साप्ताहिक अब काठमाडौंसहित ५ मुख्य शहरबाट प्रकाशित हुने

रातो खबर प्रकाशन गृह प्रा.लि.द्वारा सञ्चालित हरेक बुधवार प्रकाशित हुँदै आइरहेको रातो खबर साप्ताहिक अब देशका मुख्य पाँच शहरबाट एकैसाथ प्रकाशित हुने भएको छ। काठमाडौंबाट प्रकाशित भइरहेकोमा अबदेखि काठमाडौं बाहिरका थप ४ शहरबाट समेत

... बाँकी पृष्ठ ७ मा

२६औं जनयुद्ध दिवस भव्य रूपमा मनाइँदै

■ **रातोखबर संवाददाता**/काठमाडौं

आगामी फागुन १ गते जनयुद्ध दिवसको सन्दर्भ पारी विभिन्न राजनीतिक पार्टी र संघसंस्थाहरूले विभिन्न कार्यक्रमहरू आयोजना गरी मनाउने भएका छन्। यस क्रममा नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले २६ औं जनयुद्ध दिवसलाई उत्सवको रूपमा मनाउने जनाएको छ। त्यसैगरी, नेकपा (क्रान्तिकारी माओवादी) लगायत जनमुक्ति सेना र अहिले विभिन्न घटकमा आबद्ध तत्कालीन माओवादी नेता, कायकर्ता र जनसमुदायसमेत विभिन्न रूपमा मनाउने तयारी गरिरहेका छन्।

२०५२ साल फागुन १ गते अर्थात् नेपालमा जनयुद्ध सुरुआत भएको दिन। पच्चिस वर्षअघि 'विद्रोह जनताको अधिकार हो। प्रतिक्रियावादी राज्यसत्ता अन्त्य गरी नयाँ जनवादी राज्यसत्ता स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौं।' भन्ने मूल नाराका साथ नेपालमा राजतन्त्रात्मक राज्यव्यवस्थालाई ध्वंस गरी नयाँ जनवादी राज्यव्यवस्था स्थापना गर्ने उद्देश्यसहित तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को नेतृत्वमा जनयुद्ध संचालन भएको थियो। त्यसैले हरेक वर्ष फागुन १ गतेको दिनलाई नेपालका क्रान्तिकारीहरूले ऐतिहासिक जनयुद्ध दिवसको रूपमा मनाउँदै आइरहेका छन्। 'एक झिल्को आगोले संसार डढाउन सक्छ' भनेझैं सानो शक्तिबाट सुरुआत भएको सशस्त्र क्रान्ति दिनप्रतिदिन



विकास गर्दै दस वर्षमा राज्यव्यवस्थालाई नै चुनौती दिन सफल भएको थियो। संसारका सबै सत्ताधारीले सुरुमा विद्रोह र क्रान्तिकारी शक्तिलाई जहिले पनि कमजोर आँकलन गर्ने गर्दछन्, पत्याउँदैनन् र बेवास्ता गर्छन्। जब त्यही विद्रोह राँको बनेर राज्यव्यवस्थामा डढेलो लाग्न थाल्छ, अनि मात्र शासकले विद्रोही शक्तिलाई स्वीकार गर्छ र दमनको सहारा लिन पुग्छ तर विद्रोह यति शक्तिशाली भइसकेको हुन्छ कि कुनै पनि दमनका हतकण्डाले क्रान्ति रोकिँदैन, झन्पछि झन् अघि बढ्छ अनि ढिलो या चाँडो कि त विद्रोहीसँग सम्झौताको हात बढाउनुपर्ने वा शासक आफैं शासनसत्ता गुमाउन तयार हुनुपर्छ।

यो विश्व इतिहासकै कटु सत्य हो। जनयुद्धको सवालमा पनि त्यही भयो। कतिले गुलेली चलाउन नजान्नेले बन्दुकको कुरा गर्ने ? भन्दै हाँसोमा उडाए भने तत्कालीन गृहमन्त्री खुमबहादुर खड्काले जनयुद्धलाई तीन महिनाका समाप्त पार्ने घोषणा गरेका थिए। सरकारले माओवादी जनयुद्धविरुद्ध किलो सेरा टु, कर्डेन एन्ड सर्च अप्रेसन, कम्बिङ अप्रेसन, सर्च एन्ड डिस्ट्रोय, लगायत विभिन्न फौजी अप्रेसन चलाएको थियो। तत्कालीन

... बाँकी पृष्ठ ७ मा

जनयुद्धकालीन जग्गा खरिदविक्री गरिए कारवाही : नेकपा

सन्धिखर्क : नेपाल कम्युनिस्ट पार्टी अर्घाखाँचीले जनयुद्धकालमा पार्टीले कब्जा गरेको जग्गा खरिदविक्री गर्ने दलालहरुलाई कडा कारवाही गर्ने चेतावनी दिएको छ।

जिल्ला सेक्रेटरी खेमले शनिबार वक्तव्य जारी गर्दै शितगंगा नगरपालिका वडा नं. ७ दमारबेसीमा रहेको जीवनारायण बेलबासेको जग्गा पार्टीले २०५९ सालमा कब्जा गरेको र सो जग्गामा सहिद परिवार र कुमाल परिवारले भोगचलन गर्दै आएकोमा अहिले जीवनारायणका छोरा नारायण बेलबासेले

... बाँकी पृष्ठ ७ मा

सरल माझीलाई तत्काल रिहा गर : महासङ्घ

काठमाडौं : अखिल नेपाल जनसांस्कृतिक महासङ्घले केन्द्रीय सामना सांस्कृतिक परिवारका प्रमुख एवम् जनप्रिय जनकलाकार सरल माझीलाई सामाजिक फासिवादी केपी वली सरकारले माघ २४ गते सामान्य अवस्थामा हिडिरहेको बेला बाग्लुङको खर्ज्याङबाट गिरफ्तार गरेको भन्दै घोर आपत्ति जनाएको छ। महासंघका महासचिव खेम थपलियाले आइतबार एक वक्तव्य जारी गर्दै जनताका प्रिय कलाकारमाथि भइरहेका गिरफ्तार लगायत अनेक प्रकारका दमन र ज्यादती तत्काल रोक्न कडा चेतावनी दिएका

... बाँकी पृष्ठ ७ मा

चार कम्युनिस्ट पार्टीले पहिलो रणनैतिक संयुक्त मोर्चाको घोषणा गर्दै

■ **भीमप्रसाद चापागाईं**/काठमाडौं

नेपालमा पहिलो पटक क्रान्तिकारी पार्टीहरुका बीचमा क्रान्तिकारी रणनैतिक संयुक्त मोर्चा बनेको जानकारी प्राप्त भएको छ। सरकारले प्रतिबन्ध घोषणा गरेको विप्लवद्वारा नेतृत्व गरिएको नेपाल कम्युनिस्ट पार्टी, मोहन वैद्य किरणले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी), ऋषि कट्टेलले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टी र विश्वभक्त दुलाल आहुतिले नेतृत्व गरेको वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका बीचमा समाजवाद/जनगणतन्त्र

... बाँकी पृष्ठ ७ मा

नेकपाका नेता धर्मेन्द्र बास्तोला रिहा भएलगत्तै पक्राउ

■ **धनराज शाही**/काठमाडौं

सर्वोच्च अदालतले नेकपाका नेता धर्मेन्द्र बास्तोला 'कञ्चन' लाई रिहा गर्न आदेश दिएपनि रिहा लगत्तै प्रहरीले पुनः पक्राउ गरेको छ। सर्वोच्चले बिहीबार बन्दी प्रत्यक्षीकरणको आदेशमार्फत बाँस्तोलालाई रिहा गर्न आदेश दिएको थियो।

न्यायाधीशद्वय दीपकुमार कार्की र सुष्मलता माथेमाको संयुक्त इजलासले नेता बास्तोलालाई फरक विचार र आस्था राखेकै आधारमा पक्राउ गर्न नपाईने भन्दै बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरेको थियो। जारी बन्दी

... बाँकी पृष्ठ ७ मा

भागिरथीको बलात्कारीलाई चिडियाखानामा राख्न गृहमन्त्रीलाई पम्फाको चुनौती

■ **रातोखबर संवाददाता**/काठमाडौं

गृहमन्त्री रामबहादुर थापाले केही दिन अघि सरकार विरोधी आन्दोलनमा लागेकाहरुलाई चिडियाखानामा थुन्ने चेतावनी दिएसँगै प्रचण्ड-माधव समूहकी नेतृ पम्फा भुसालले सामाजिक सञ्जालमा आफ्ना विचार सार्वजनिक गर्दै सक्ने भए भागिरथीको बलात्कारीलाई चिडियाखानामा थुन्न सरकारलाई चुनौती दिएकी छिन्।

कन्चनपुरकी बालिका निर्मला पन्तको बलात्कारपछि हत्या भएको घटनाको दोषी सरकारले अझै पत्ता लगाउन

... बाँकी पृष्ठ ७ मा

भागिरथीको बलात्कारपछि हत्याको सत्य तथ्य छानविन गरी कारवाही गर : विप्लव

■ **आशिष कुमार चौधरी**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले बैतडी जिल्ला, दोगडाकेदार नापा। ७ चडेपानी निवासी, सिकीटस्थित सनातन धर्म माध्यमिक विद्यालयमा कक्षा १२ मा अध्ययनरत १७ वर्षीया छात्रा भागिरथी भट्टको बलात्कार गरी हत्या भएको घटनाप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको भन्दै अमानवीय घटनाको तुरुन्त सत्य तथ्य छानविन गरी घटनामा संलग्न जो कसैलाई पनि कडा भन्दा कडा कारवाही गर्न सरकार र सम्बन्धित सबै पक्षलाई आग्रह गरेका छन्।

महासचिव विप्लवले सोमबार प्रेस वक्तव्यमार्फत दुई वर्ष अघि भएको निर्मला हत्याकाण्डका अपराधीहरु पत्ता लगाई कारवाही गर्न सरकार र प्रहरी प्रशासन असफल भएकाले पनि पीडितहरु दिनानुदिन रोदन

... बाँकी पृष्ठ ५ मा

कुन बाटो, अग्रगमन, यथास्थिति या प्रतिगमन ?

गत पुस ५ गते गरिएको संसद् विघटनपश्चात् नेपाली राजनीति एउटा यस्तो चोकमा आएर अडिएको छ, जहाँबाट दृष्टिगोचर गर्दा तीनवटा बाटाहरू स्पष्ट देखिन्छन्- प्रतिगमन, यथास्थिति र अग्रगमन। यो बेला आ-आफ्नो वर्ग चरित्र र दृष्टिकोणको आधारमा प्रतिगमनकारी, यथास्थितिवादी र अग्रगमनकारी शक्तिहरू चलमलाउन खोज्नु अन्यथा होइन।

प्रतिगामी बाटो

संसद् विघटनको कार्य संविधानमाथिको बलमिच्याइँ पक्कै हो। भलै प्रधानमन्त्रीको भाषामा यो सरकारको 'राजनीतिक अधिकार' हो। जेहोस्, संसद्मा बहुमत प्राप्त पार्टीका प्रथम अध्यक्ष, दुईतिहाइको विश्वासप्राप्त सरकारका प्रधानमन्त्रीले हठात् संसद्को विघटन गर्नुले भने एउटा ठूलो आशङ्काको वातावरण जबर्जस्त पैदा गरेको छ। यो कदम उनको पार्टी 'डबल नेकपा' भित्रको किचलो तह लगाउन गरिएको 'झारफुक' मात्र नभएर कतै गणतन्त्रका विरुद्धकै 'धमालो' त होइन ? भन्ने प्रश्नले मानिसहरूको मनमा घर गरिरहेको छ। त्यसो हुनुमा किन पनि स्वाभाविक छ भने प्रधानमन्त्री केपी ओली गणतन्त्र प्राप्तिको अभियानताका त्यसविरुद्ध क्रियाशील थिए भन्ने आम जनतालाई राम्ररी थाहा छ। बेलाबखत उनी र उनका समर्थकहरूले संघीयताका विरुद्ध बोलेको समाचारहरू सार्वजनिक भइरहन्छन्। संसद् विघटन गर्नुभन्दा केही महिना पहिला प्रस्ताव गरिएको दल विभाजनसम्बन्धीको विधेयक पनि संसद् विघटनको यो कदमलाई ठ्याम्मै पुष्टि गर्ने खालको थियो। यद्यपि चौतर्फी दबाबपछि उक्त विधेयक फिर्ता गरिएको थियो। उपर्युक्त घटना शृङ्खलाहरूलाई अन्तरसम्बन्धको पद्धतिबाट हेर्ने हो भने संसद् विघटन एक सुनियोजित घटना हो भन्नु पनि अन्यथा तर्क हुन जाँदैन।

प्रधानमन्त्री ओलीले यदि गणतन्त्रका विरुद्ध

देश/परिवेश

■ उदयबहादुर चलाउने

कदम चाले भने आशंका र अनुमान गरिएजस्तै त्यो सरासर प्रतिगमन ठहर्नेछ। धर्मनिरपेक्षताको खारेजी भयो भने पनि त्यो प्रतिगमन नै सावित हुनेछ। तर, त्यसो गर्नु उनका लागि भने निकै कठिन कार्य हुनेछ। आजका दिनसम्म कमसेकम प्रमुख प्रतिपक्षी दल नेपाली काङ्ग्रेस र तेस्रो ठूलो पार्टी जसपाको समेत एउटा-एउटा हिस्सा प्रधानमन्त्रीले जारी गरेको चुनावकै पक्षमा रहेको देखिन्छ। यो समर्थनलाई प्रधानमन्त्रीले यदि

... बाँकी पृष्ठ ७ मा

सम्पादकीय

सन्दर्भः २६औं जनयुद्ध दिवस

नेपालमा २०५२ साल फागुन १ गतेदेखि जनयुद्धको आरम्भ भएको थियो । त्यसैले नेपालका क्रान्तिकारीहरूले हरेक वर्ष फागुन १ गतेको दिनलाई जनयुद्ध दिवसको रूपमा मनाउने गर्दछन् । हुन पनि जनयुद्ध दिवस आफैँमा एउटा क्रान्तिकारी उत्सव हो, जसको स्मरण मात्रैले पनि सम्पूर्ण क्रान्तिकारी व्यक्ति, पार्टी, उत्पीडित वर्ग, जाति, क्षेत्र, लिंग र समुदाय सबैलाई एउटा नयाँ जोश, जाँगर, उत्साह र अनुभूति दिलाउँछ भने उत्पीडक, भ्रष्टाचारीहरूलाई एउटा भय र त्रासबोध गराउँछ । आगामी फागुन १ गते पनि जनयुद्ध दिवसको सन्दर्भमा विभिन्न पार्टी र जनसमुदायहरूले अनेकौँ कार्यक्रमसहित मनाउँदै छन् ।

करिब दस वर्षसम्म संचालन भएको नेपाली जनयुद्ध नेपालको राजनीतिक र विशेष गरी क्रान्तिकारी आन्दोलनको इतिहासमा एक अविस्मरणीय र रोमाञ्चक अवधिको रूपमा चित्रण हुँदै आएको छ। जनयुद्धले नेपालको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक सबै क्षेत्रमा आमूल परिवर्तन गर्ने उद्देश्य बोकेको थियो । राजनीतिक क्षेत्रमा नेपालको संविधान, राज्यको राजकीय संरचना, कर्मचारी प्रशासन, सुरक्षा निकाय न्यायालयलगायतका क्षेत्रमा पुनर्संरचना गर्ने, राज्यका हरेक निकायमा उत्पीडित वर्गको सहभागिता सुनिश्चित गर्ने गरी नेपालमा नयाँ जनवादी गणतन्त्र स्थापना गरेर वैज्ञानिक समाजवाद हुँदै साम्यवादी समाजतर्फ अघि बढ्ने लक्ष्य निर्धारण गरेको थियो ।

आर्थिक रूपले उत्पादनकार्यमा संलग्न किसान तथा श्रमिक वर्गलाई उनीहरूको उत्पादनका साधनमाथिको स्वामित्व स्थापित गर्ने, जमिनमा जसको जोत उसको पोतलगायत क्रान्तिकारी भूमिसुधार लागु गर्ने, राष्ट्रिय उत्पादनलाई प्रोत्साहन गरी राष्ट्रिय आत्मनिर्भर अर्थतन्त्र विकास गर्ने ।

सांस्कृतिक रूपमा मानवले मानवमाथि गर्ने सबै किसिमको उत्पीडन अन्त्य गरी हरेक मानवले अरूलाई परस्पर प्रेम र सद्भाव स्थापित गर्ने संस्कृति विकास गर्ने, सबै मानवबिच समानता र सम्मानको मान्यता स्थापित गर्ने, रुढीवाद र अन्धविश्वासको साटो विज्ञान र प्रविधिमा विकास गर्ने र जोड दिने ।

उपर्युक्त उद्देश्य प्राप्तिका लागि हजारौँ सचेत व्यक्ति जनयुद्धमा सामेल भए। नयाँ इतिहास कायम गर्दै हजारौँ महिला युवासमेत जनमुक्ति सेनामा भर्ती भएर युद्धको अग्रमोर्चा सम्हाले । महान् लक्ष्य हासिल गर्न भनी करिब १७ हजार महान् मान्छेहरू सहिद बने । हजारौँ अहिलेसम्म पनि बेपत्ता छन्, सयौँ अंगभंगसहित घाइते र अपांग जीवन जिउँदै छन् ।

अहिले जनयुद्धमा सामेल नेतृत्व र कार्यकर्ताहरू विशृंखलित भएका छन् । केही सीमित नेताहरू जनयुद्धका प्रतिबद्धतालाई कुल्चेर व्यक्तिगत स्वार्थ र सुखसयलमा विलीन भएका छन्, संसदीय आहलमा डुबेका छन् तर अधिकांश नेता-कार्यकर्ताहरू अहिले पनि क्रान्तिको पक्षमा छन् । त्यसमध्ये कतिपय क्रान्तिको लक्ष्यलाई पछ्याउँदै जनताको मुक्तिका निम्ति निरन्तर संघर्षमा डटिरहेका छन् । जनयुद्धकै अनुभव गरेको एउटा पंक्ति पुरानो र नयाँ पुस्ता समेट्दै नयाँ परिस्थिति र सन्दर्भमा नयाँ चेतनासहित जनयुद्धभन्दा फरक किसिमको क्रान्ति गरी वैज्ञानिक समाजवाद स्थापना गर्ने मान्यता राख्दै एकीकृत जनक्रान्तिको उद्घोष गरेको छ । उनीहरूलाई विगतको संकटकाल र अहिलेको प्रतिबन्धले छेकेको छैन । प्रतिबन्धको सामना गरिरहेको नेपाल कम्युनिस्ट पार्टीले जनयुद्धको सपना एकीकृत जनक्रान्तिमार्फत पूरा हुने भन्दै सबै देशभक्त, वामपन्थी, सच्चा लोकतन्त्रवादी शक्ति र जनसमुदायलाई जनक्रान्तिमा आबद्ध हुन अपिल गरिरहेको छ ।

जनयुद्धका उद्देश्यलाई पूरा गर्न प्रतिक्रान्तिबाट शिक्षा लिँदै विभाजित र छरिएका क्रान्तिकारी शक्तिहरू अब क्रान्तिकै बाटोमा ध्रुवीकृत र एकताबद्ध भएर देश र जनताको आमूल परिवर्तनको सपनालाई नयाँ सन्दर्भमा क्रान्तिमार्फत् निरन्तरता तथा थप विकास गरी विजयसम्म पुऱ्याउने प्रतिबद्धता जनाउनु नै जनयुद्ध दिवस मनाउनुको सार्थकता हुनेछ ।

लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

वार्ताभित्र ओलीको भयानक षड्यन्त्र



खेम थपलिया

एकातिर ओली सरकार अदालतको गेटबाटै नेता-कार्यकर्तालाई पक्राउ गरिरहनु र अर्कोतिर उनी आफैँ नेपाल कम्युनिस्ट पार्टीका महासचिव कमरेड विप्लवसँग सम्पर्क गर्ने च्यानलहरू खोज्दै हिँड्नुमा गम्भीर आशङ्का छ । ओली आफैँ वार्ताको प्रचार गर्ने अनि महासचिव विप्लवको सेल्टर खोज्न नेपाली सेना परिचालन गर्नुले राजनीतिक अनिष्टता बुझ्न कुनै कठिनाइ हुनहुँदैन ।

लेबनानी साहित्यकार खलिल जिब्रानद्वारा लिखित 'तानाशाहकी लाड्ली' शीर्षक कथा अत्यन्त मार्मिक छ । त्यसको एक अंश यस्तो छ- "एकैछिनमा बूढी रानी जागिन् । वर्तिर-पर्तिर हेरेर हाई काढ्दै उनले भनिन्- मैले कता-कता एउटा सपना देखेँ जस्तो लाग्छ । त्यसमा मैले एउटा बिच्छी, चारवटा किरा-फट्याङ्ग्रालाई एउटा पुरानो देवदारको मुढामा यता र उता लखेट्दै गरेको देखेथेँ । त्यस्तो पो नराम्रो सपना देखेँ मैले त !" यति भनेर उनले फेरि आँखा चिम्लिन् र मस्त निदाइन् । घुर्ने काम फेरि सुरु भयो । चारैजना दास उसरी नै फेरि पङ्खा हल्लाउन थाले । तब बिरालो उङ्घ्न थाल्यो- पङ्खा हल्लाउँदै जाओ, अरू हल्लाउँदै जाओ, मूर्ख हो ! तिमेरुलाई पत्तै छैन, तिमेरु आफैँ जलेर खाक हुने आगामाथि पङ्खा हल्लाउँदै छौ ।

सुनिन्छ- 'बोली अलि पिरो हो । केपी ओली हिरो हो । आई लभ यु केपी ओली । अरू सबै बाई । दश वर्ष ओलीलाई ।' यसरी केपी ओलीलाई अतिशय देवत्वकरण गर्दै 'महाराज' का रूपमा केही मान्छे 'जय जय' को पङ्खा हल्लाइरहेका छन् । 'महाराज' को अन्त्य त निश्चित छ नै, तिनका सुन्डमुन्डको पनि हृदयविदारक अन्त्य हुने कुरामा कुनै दुविधा छैन; जसरी इतिहासमा राजा-महाराजा र तिनको स्वर्ग खरानीमा परिणत भएको थियो; जसको शिर गिलोटिनले शरीरबाट छुट्याइएको थियो, जसको चिहानमाथि स्वाधीन राष्ट्रहरू जन्मिएका थिए । ठीक यतिबेला ओली नेतृत्वको सामाजिक फासिवादी सरकारले कमरेड विप्लवको नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीमाथि लगाएको राजनीतिक प्रतिबन्ध दुई वर्ष पुग्दै छ । हुन त ओलीले सुरुमै प्रतिबन्ध लगाएर एक महिनामै सिध्याउँछु भनेर ध्वाँस नदिएका होइनन् । फासिस्ट ओलीको त्यो ध्वाँस क्रान्तिकारी जनसमुदायको साथ र समर्थनमा नेपाल कम्युनिस्ट पार्टीले पानीको फोका सावित गरिदियो । ओलीको प्रतिबन्धलाई सिधासिधा ह्याकुलाले मिचिदिएको अवस्था छ । यो राजनीतिक रूपमा ओली मण्डलीका लागि गम्भीर पराजयी नैतिक प्रश्न हो ।

ओलीले २०७५ साल फागुन २८ गते नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाएका थिए । प्रतिबन्ध लगाएर एक महिनामै नेपाल कम्युनिस्ट पार्टीलाई सिध्याउँछु भन्ने केपी ओली उल्टै आफ्नै पार्टीभित्रको झगडामा गम्भीर रूपमा फस्न पुगेका छन् । नेपालको अबका पचास वर्ष एकछत्र शासन गर्ने गुड्डी दिएका उनी आफैँ अहिले आमचकारी गालीमा उत्रिएका छन् । ओली राज्यका स्रोत-साधनको बेलगाम दोहन गरिरहेका छन् तर पनि उनी बैचैन र छटपटीले सन्तुलन गुमाउँदै गइरहेका छन् । एक महिनामै सिध्याउँछु भन्ने ओली यतिबेला नेपाल कम्युनिस्ट पार्टीसित वार्ता गर्ने कुरामा जोड गरिरहेका छन् । उनले आफूनिकट केही मान्छेलाई खटाएका कुरा सार्वजनिक भइरहेका छन् । ओलीले कमरेड विप्लवसित आफैँ सिधै वार्ता गर्ने समाचार पनि प्रचार गराइरहेका छन् । तर पनि ओलीका हरेक कुरा र व्यवहार प्रपोगान्डाभन्दा माथि उठ्न सकेको इतिहास देखिँदैन । उनका हरेक कुरामा दमन, जालसाक्षी र धोकाधडी पाइन्छ । उनको शब्दकोशमा गम्भीरता, विश्वास र जिम्मेवारबोध कहीँ कतै देखा पर्दैन ।

'एकाएक विप्लवको पक्षमा प्रचण्ड, विप्लव मुलधारमा आउने सङ्केत' जस्ता शीर्षक राखेर केही मिडियाले आफ्नो खेतीपाती गरिरहेका छन् । अझ कमरेड विप्लव 'मूलधार' मा आउने भन्ने कुराको प्रचार गरेर उनीहरूले अनेक आशङ्कालाई एकैपटक बल पुऱ्याएका छन् । दलाल संसदीय व्यवस्था कुनै पनि हालतमा 'मूलधार' बन्नै सक्तैन, यो 'मूलधार' हुँदै होइन । असफल र अवैज्ञानिक दलाल संसदीय व्यवस्थालाई मूलधार भन्ने सत्तासीनहरूको राजनीतिक प्रेस्किप्सन नै सर्वथा गलत छ। समस्याको मूलकेन्द्र पनि यही हो । एकातिर ओली सरकार अदालतको गेटबाटै नेता-कार्यकर्तालाई पक्राउ गरिरहनु र अर्कोतिर उनी आफैँ नेपाल कम्युनिस्ट पार्टीका महासचिव कमरेड विप्लवसँग सम्पर्क गर्ने च्यानलहरू खोज्दै हिँड्नुमा गम्भीर आशङ्का छ। ओली आफैँ वार्ताको प्रचार गर्ने अनि महासचिव विप्लवको सेल्टर खोज्न नेपाली सेना परिचालन गर्नुले राजनीतिक अनिष्टता बुझ्न कुनै कठिनाइ हुनहुँदैन । मणि थापाले नख्खुजेलमा पुगेर कमरेड सुदर्शनलाई भेटेको सन्दर्भलाई सञ्चार माध्यमले रुचीपूर्ण चर्चामा ल्याएका छन् । ओलीले हिरासतमा रहनुभएका कमरेडसित भेट्न आफ्ना केही मान्छेहरू पठाएको पनि चर्चा छ। फेरि ठीक यतिबेला नै पुष्पकमल दाहाल 'प्रचण्ड' ले हिजो पनि आफूहरू विप्लवहरूलाई प्रतिबन्ध लगाउनुभन्दा मुलधारमा ल्याउन सके राम्रो भन्ने पक्षमा रहेको तर प्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीमा छलफल नै नगरी प्रतिबन्ध लगाएको बताएका छन् । प्रचण्डको यो कुरा सोह्रैआना कपटीपूर्ण र झुट रहेको छ । ओलीजस्तै प्रचण्ड पनि गोहीको आँसु बगाउन असाध्यै सिपालु छन् । नेपालमा अहिलेसम्म बगेको गोहीका आँसु जम्मा पारेको भए कोशीजस्ता ठुला नदी नै बन्थ्यो होला । हामीलाई थाहा छ, केपी ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' एक सिक्काका दुई पाटा हुन् ।

सरकार भन्ने जिनिस पनि अचम्मैको हुँदो रहेछ, त्यसमा पनि फासिवादी ! एकातर्फ साधारण कार्यकर्ताको गिरफ्तारी-इन्काउन्टर र अर्कोतर्फ वार्ता ! ओली सरकारको यो क्रान्तिकारीहरूका लागि 'दुलाबाट सर्प निकाल्ने' एम्बुस पनि त हुन सक्दछ। जनताले राजनीतिक-वैचारिक आस्था र सपना सजाउन पाउँदैन र ! आजको युगमा पनि आस्था राखेकै आधारमा जनता दण्डित हुनुपर्ने हो र ! यो सरकार, यो व्यवस्था, यो संविधान वैधानिक भन्ने आधार के ? यसै सन्दर्भमा 'वार्ताबारे विप्लवसँग मेरो संवाद' शीर्षकमा राजनीतिक विश्लेषक नरेन्द्रजङ्ग पिटरले भन्नुभएको छ, "सरप्राइज पोलिटिक्स सिके राउत प्रकरणमा त हुन सक्ला तर विप्लव नेकपामा भने हुने सम्भावना देखिदनँ । सिके प्रसङ्गमा मधेसवादी नेतृत्वको नैतिक हतियार थुत्ने उद्देश्य थियो । डा. राउतसँग गरिएका सम्झौता राज्यले पालनै गर्न नसक्ने गम्भीर त्रुटि थिए । एकातर्फ न्यायालयलाई अप्रत्यक्ष 'हुकुमी आदेश' दिइएको थियो भने अर्कातर्फ सार्वभौम राज्यले गर्नै नसक्ने सहमति भएका थिए । विप्लव नेकपासँग यस्तो हुने लक्षण म देखिदनँ । ट्र्याक टु डिप्लोमेसीको नाडी छाम्न मिडियाबाजी त हुन सक्लान् तर गम्भीर अभ्यास हो भने यस्ता प्रचारबाजीले परिणाम निकाल्नुभन्दा घाटा मात्र पुग्छ ।"

दमनकारीहरूको आवश्यकता र आकाङ्क्षा पनि कस्तो कस्तो हुने ! अहिले नेपाल कम्युनिस्ट पार्टी तिनैलाई चाहिन थालेको छ। अहिले ओली सरकार चरम सङ्कटमा छ। ओलीको राजनीतिक जीवन धरापमा छ। उनी प्रचण्ड-माधवविरुद्ध आफ्नो धार बलियो बनाउन ज्यान छाडेर लागिरहेका छन् । राजनीतिक भाषामा ओलीले त्यसमा नेपाल कम्युनिस्ट पार्टीलाई पनि जोड्न सकिन्छ कि भनेर पहल लिन खोजेको हो कि भन्ने भान पनि हुन्छ। ओलीमा विप्लवहरू प्रचण्डतिर मिल्ने पो हो कि भन्ने सन्त्रास पनि उत्तिकै देखिन्छ । ओली-प्रचण्डहरूको चिन्तन प्रणाली नै भ्रमपूर्ण रहेको छ । खास समस्या र सङ्कट उनीहरूकै हो । फासिवादी ओलीको सङ्कटमोचनका लागि क्रान्तिकारी शक्ति वार्तामा बसिदिनुपर्ने ! हामी यस्तो कुरा कल्पना पनि गर्न सक्तैनौँ । वार्ता त देश र जनताको हित र मुक्तिको कुरा हो । यो अग्रगामी राजनीतिक एजेन्डा सम्बोधन गर्ने कुरा हो । यो देशलाई अग्रगमनतिर लैजाने कुरा हो । दुई वर्षअघि आफैँले प्रतिबन्ध लगाएको नेपाल कम्युनिस्ट पार्टीसँग सरकारले वार्ताको पासा फ्याँकेको सन्दर्भमा धेरैले चासोका साथ हेरिरहेका छन् । ओली दोस्रोपटक सत्तासीन हुनेबित्तिकै नेपाल कम्युनिस्ट पार्टी ओली-प्रचण्डको कोपभाजनमा परेको थियो । राजनीतिक विश्लेषक प्रभुनारायण बस्नेतको 'विप्लव समूह ओलीको चुनावी हतियार नबनोस्' शीर्षकमा भन्नुहुन्छ, "दुनियाँलाई थाहा छ, विप्लवहरू चुनाव नै हुने स्थितिमा पनि त्यसमा भाग लिँदैनन् । चुनावमा जानु, बहुमत सिद्ध गरेर सरकार गठन गर्नु र त्यही सरकारमार्फत् आफूले ल्याउन खोजेको व्यवस्था ल्याउनु तिनको सिद्धान्तविपरीत छ । तिनको सिद्धान्त त सैनिक बलद्वारा सत्ता कब्जा गर्ने र जनताको शासन स्थापित गराउने हो । अब यहाँ प्रश्न उठ्न सक्छ, यदि चुनाव लड्नु छैन, जित्नु र सरकार गठन गर्नु छैन भने चुनावको मुखमा वार्ताको औचित्य के त ?"

नेपालमा कम्युनिस्ट आन्दोलन ध्वस्त भयो, कम्युनिस्ट पार्टीहरूमा गैरकम्युनिस्टहरू हाबी भए, कम्युनिस्ट पार्टीमा सत्ताधारी वा गैरसत्ताधारी शक्तिकेन्द्रका भत्तावाल र शक्तिवाल प्रतिनिधिहरू प्रवेश गरेर नेतृत्वदायी भूमिकासम्म पुगेर आन्दोलनलाई घोर दक्षिणपन्थी प्रतिक्रियावादी दिशामा मोडे, अबको नयाँ पुस्ताले कम्युनिस्ट आदर्श वा सिद्धान्तलाई खासै मन पराउँदैनन्, बँचेखुचेका कम्युनिस्ट नेतृत्वले पनि कम्युनिस्ट आदर्शलाई जोगाउन हम्मेहम्मेको स्थिति छ आदि इत्यादि कुरा धेरै नै सुनिने गरेको छ । ओली-प्रचण्डहरूलाई हेरेर सही निष्कर्षमा पुग्न सकिँदैन । यसरी सोच्नु पनि हुँदैन । उनीहरूले वार्ताबारे दोचारेका कुराका आधारमा विश्लेषण गरेर झन् सही ठाउँमा पुगिँदैन । प्रतिक्रान्तिकारीहरूलाई हेरेर क्रान्तिकारी निष्कर्ष निस्किँदैन । यहाँ त क्रान्तिकारी नेतृत्व विप्लवहरू पनि छन् । यहाँ एकीकृत जनक्रान्ति छ। हामीले क्रान्तिकारीहरूलाई पो मानक बनाउने हो त ! हामीले ठोस परिस्थितिको ठोस विश्लेषण गर्नुपर्दछ ।

जनताका राजनीतिक, संवैधानिक एवम् नैसर्गिक अधिकारलाई दलाल शासकीय बुटले कुल्चँदै आफ्नै सहयोद्धाहरूले नेतृत्व गरेको राजनीतिक पार्टीलाई प्रतिबन्ध लगाएर अन्धाधुन्ध नेता-कार्यकर्ताको इन्काउन्टर गरिँदासमेत फिटिक्कै नबोल्नेहरू, केन्द्रीय नेतृत्वदायी राजनीतिकर्मी एवम् लेखक, कलाकार, साहित्यकारहरूलाई राजनीतिक तथा वैचारिक आस्था राखेकै कारण धरपकड, गिरफ्तारी र झुट्टा मुद्दामा जेल-हिरासतमा कुज्याउँदा पनि नदेख्नेहरू, कथित 'समृद्ध नेपाल र सुखी नेपाली' को नाराका साथ गाउँ-गाउँमा सिंहदरबारको भ्रमको बुल्डोजर चलाउँदै ब्रह्मलुट, बेथिति, तस्करी, कालो धन्दा, कमिसन, कुशासन, अपारदर्शिता, कर र महँगीले आकाश छुँदा जनता आत्महत्याको बाटो रोज्न गर्न बाध्य हुँदासमेत पटक्कै महसुस नगर्नेहरू, यतिबेला देशभर भाषण-भूषणको बाढी आइरहँदा राष्ट्रियता, जनतन्त्र र जनजीविकाको पक्षमा र कमरेड विप्लवले नेतृत्व गर्नुभएको नेपाल कम्युनिस्ट पार्टीमाथि थोपरिएको कथित प्रतिबन्धका विरुद्ध एक शब्दसम्म पनि उच्चारण नगर्ने एवम् तिम्रा स्वार्थमा ठेस लाग्न थालेपछि वार्ता वार्ता भन्दै सत्ताको सिनोको लुछाचुँडीमा निर्लिप्त भइरहनेहरूमाथि इतिहासले एक दिन गम्भीर फैसला गर्नेछ। फासिवादीहरूका कथित 'निर्वाचन' र कथित 'पुनर्स्थापना' एकै ड्याङका मूला हुन् । यी दुवै म्याद सकिएका औषधी हुन् ।

तिमीहरूले चुलीमा पुग्नै लागेको रातो झन्डा फालेर हिन्द महासागरतिर बुर्कुसी मारेका छौ । तिमीहरूले सामाजिक फासिवादी राज्यका विभिन्न तहबाट रङ्गिन पगरीका साथ भत्ताले भकारी भरेका छौँ । तिमीहरूले कथित कम्युनिस्टको रातो बर्को ओढेर चौबिसै घन्टा सच्चा क्रान्तिकारी कम्युनिस्टलाई सिध्याउन सबै कूकृत्य गरिरहेका छौ ! तिमीहरू नाम जनताको लिने तर सदैव संसदीय व्यवस्थाको कुहिएको सत्ताको सिनो लुछ्नमै निर्लिप्त मनुवा हौ ! फेरि पनि सामाजिक फासिवादी शासकहरू कात्रोमा खल्ती हाल्ने जमर्को गर्दै छन् । तिनका नियमित भत्तावालाहरू त्यसैमा होमा हो र हैंसेमा हैंसे गर्दै छन् । राज्यको सार्वजनिक सम्पत्तिमाथि ओली गुटको एकलौटी, बेलगाम र मनमौजी रजाइँ बढ्दै छ । ओली गुटमा पञ्चायती भूतको रहर जाग्दै छ । तर, देशभक्त तथा क्रान्तिकारी नेपाली जनता ओली गुट र तिनले नचाएको दलाल संसदीय व्यवस्थाको चौपललाई चिहानमा गाडेर त्यसमाथि वैज्ञानिक समाजवादी राज्य प्रणाली स्थापना गर्ने महान् अभियानमा सामेल हुँदै छन् । व्यक्ति होइन, व्यवस्था फेर्नु आजको आवश्यकता हो । आन्दोलनरत सबै पक्ष वैज्ञानिक समाजवादी व्यवस्थाको स्थापनार्थ एउटै नाराका साथ एउटै उद्देश्यमा सामेल हुन आवश्यक छ । इतिहासको यस महान् घडीमा जिम्मेवार र अग्रगामी बन्नु ऐतिहासिक कार्यभार हो ।

नेपाल कम्युनिस्ट पार्टीले भन्दै आएको छ कि सैद्धान्तिक रूपमा हामी वार्ताको विरोधी छैनौँ तर वार्ताका लागि सरकारले वातावरण बनाउन आवश्यक छ । नेपाल कम्युनिस्ट पार्टीले आफ्नो पार्टीमाथि थोपरिएको राजनीतिक प्रतिबन्ध हटाएपछि, जेल तथा हिरासतमा रहेका नेता-कार्यकर्तालाई रिहा गरेपछि एवम् सम्पूर्ण झुट्टा मुद्दा खारेज गरेपछि वार्ताको ढोका खुल्न सक्ने कुराको सङ्केत गरेको छ । अहिले दलाल संसदीय व्यवस्था र तिनका मालिकको कुर्सी हल्लिन थालेपछि शासकले वार्ताको बाँसुरी बजाएको कुरामा कुनै शङ्का छैन । यो जनताको समग्र प्रतिरोध र बल प्रयोगलाई दलाल संसदीय व्यवस्थाको ध्वंस र वैज्ञानिक समाजवादी राज्य प्रणालीको स्थापनार्थ लगाउने समय हो । सामाजिक फासिवादी एवम् घोर दक्षिणपन्थी तथा इन्डो-सिआईएको कठपुतली केपी ओलीको सङ्कट उसको आफ्नो समस्या हो, यति छोटो अवधिमै फासिस्ट संसदीय व्यवस्थासँगै ओली मण्डली पनि समस्याग्रस्त हुनु देशभक्त, अग्रगामी तथा क्रान्तिकारी जनताका लागि उत्सव हो । हामीलाई थाहा छ, ओली वार्ता असफल भएको बहानामा सङ्कटकाल लगाउने योजनामा छन् । यसर्थ, नेपाल कम्युनिस्ट पार्टीलाई सामाजिक सञ्जालमा ओली गुट र दलाल संसदीय व्यवस्थासित जोडेर योजनाबद्ध रूपमा ल्याइएका कथित प्रचारलाई पूरै खारेज गरौँ । वार्ताको

... बाँकी पृष्ठ ७ मा

दुईतिहाई बहुमत दिँदा पनि असफल हुनु संसदीय व्यवस्थाकै असफलता हो

सन्तोष बुढा मगर, जनसरकार प्रमुख, केन्द्रीय जनपरिषद्, नेपाल

» ***कमरेड रातो खबरमा स्वागत छ ।***

धन्यवाद ।

» ***केपी ओलीले गरेको संसद् विघटनको परिघटनालाई कसरी लिनुभएको छ ?***

केपी ओलीले गरेको संसद्को विघटनको घटना कसैलाई अस्वाभाविक, असान्दर्भिक लागे पनि यो कुनै आश्चर्यजनक घटना होइन । यो दलाल पुँजीवादी राज्यसत्ताको संकट तथा साम्राज्यावादी षड्यन्त्र र डिजाइनकै पछिल्लो कडी हो । यो नेपालको इतिहासमा संसद् विघटनको पहिलो घटना नभएर सातौँ शृङ्खला हो । चाहे भने साम्राज्यवादी र तिनका दलालहरूले जे पनि गर्छन्, जस्तो पनि घटना घटाउन तयार हुन्छन् भन्ने कुरा यसले पुष्टि गरेको छ । यसले उनीहरूको संविधान फगत कागजको खोस्टो मात्र हो भन्ने कुरा राम्रोसँग पुष्टि गरेको छ । यो संविधान बन्ने बेलामा नै हाम्रो पार्टीले भनेको थियो- यो नियोजित संविधान हो, यसको डिजाइन विदेशमा तयार पारेर नेपालमा ड्राफ्ट मात्रै गरिएको हो । यो साम्राज्यवादी स्वार्थअनुरूप बनाइएका हुनाले उनीहरूले जतिबेला जे चाहन्छन्, त्यही गर्छन् । नेपाली जनताका लागि, नेपाली जनताले नै बनाएको संविधान भए यो घटना हुँदैनथ्यो । त्यसैले जे हुनु थियो, त्यो भयो; जे गर्नु थियो, त्यो गरे । त्यसैले यो कुनै अकस्मात् र आश्चर्यजनक परिघटना नभएर पूर्वनियोजित घटना हो । यस घटनाले 'यो संविधान, यो व्यवस्था र यसको नेतृत्व तथा थिङ्कट्याङ्कहरूको असफलता' लाई राम्रोसँग पुष्टि गरेको छ ।

» ***संसद् विघटनपछिको नेपालको राजनीतिक परिस्थितिलाई कसरी विश्लेषण गरिरहनुभएको छ ?***

यो परिघटनालाई राष्ट्रिय, अन्तर्राष्ट्रिय, उनीहरूको आन्तरिक मामिला र सिस्टमको असफलता आदि तीन-चार ओटा सन्दर्भबाट विश्लेषण गरेर हेर्न सकिन्छ ।

पहिलो, राष्ट्रिय सन्दर्भलाई हेरौँ, सारा दुनियाँले के देखिरहेको र भोगिरहेको छ भने राष्ट्रियता, जनतन्त्र र जनजीविका सवालहरूमा सरकार असफल छ । महँगी सयौँगुणा बढेर गएको छ, भ्रष्टाचारले सीमा नाघेको छ र संस्थागत रूपले, सरकारको संरक्षणमा भ्रष्टाचार भइरहेको छ । युवाहरू रोजगारको लागि विदेशिने क्रम रोकिएको छैन, देशमा रोजगारको कुनै व्यवस्था छैन, न्यायको लागि आवाज उठाउनेहरूमाथि प्रतिबन्ध लगाइएको छ र दमन, धरपकड, झुट्टा मुद्दाले सीमा नाघेको छ, राज्यआतंक बढ्दो छ, चेलीबेटी बलात्कार र बेचबिखन बढ्दो छ, राष्ट्रिय स्वाधीनतामाथिको हस्तक्षेप नार्ाी रूपले भइरहेको छ, गोप्य सन्धि-सम्झौताहरू गुपचुप गर्ने क्रम जारी छ, देशका रक्षक भनेका दलका नेताहरू आत्मसमर्पणका लागि प्रतिस्पर्धा गरिरहेका छन्, राष्ट्रिय आत्मसमर्पण अझ तीब्र बनेको छ, जनता भोकभोकै मरिरहेका छन् सरकारलाई कमिसन र भ्रष्टाचारको धन्दा छ, यी सबै कुराले देशमा सरकार होइन भ्रष्टाचारी दलालहरूको राज छ भन्ने कुराले तीब्र असन्तुष्टि बढेर गएको छ । यो असन्तुष्टि राजनीतिक सत्तामा केन्द्रित हुन जानुको परिणाम नै विघटनको यो पहिलो कारण हो ।

दोस्रो, यहाँ अन्तर्राष्ट्रिय (साम्राज्यवादी-उत्तर साम्राज्यवादी) चलखेल र हस्तक्षेप पनि तीब्र बनेको छ । एमसीसीको सवालमा होस् या लिपुलेकको सवालमा होस्, भौगोलिक रूपमा होस् या राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक क्षेत्रमा होस्, अहिले साम्राज्यवादीहरूले आफ्नो हस्तक्षेप र चलखेल तीब्र पारेका छन् । यो प्रक्रिया राजाको पालामा कुटनीतिक रूपमा, काङ्ग्रेसको पालामा गोप्य रूपमा र यी तथाकथित कम्युनिस्टहरूको पालामा खुला रूपमा हस्तक्षेप गर्दै आएका छन् । कतिपय गोप्य रूपमा गरेका लिखित वा मौखिक सम्झौताहरू अझै बाहिर आएका छैनन् । अहिले भारतले लिपुलेकमा र अमेरिकाले एमसीसीमार्फत खुला हस्तक्षेप गरेका छन् । यो विघटनको एउटा कारण किन पनि हो भने- उनीहरू यो चुनावद्वारा केपी र देउवाहरू जसले एमसीसी परियोजनाबारेका सम्झौता पहिले गोप्य रूपमा गरे, महरा प्रकरणपछि यो उदार्ाी भयो र खुला रूपमा बाहिर आयो । यसपछि उनीहरूले महरालाई सभामुखबाट हटाएर आफ्नो अभीष्ट पूरा गर्न चाहे, त्यो पनि सम्भव नभएपछि 'एमसीसी पास गर्न नसक्ने संसद्को काम छैन' भनिठाने र विघटन गर्ने मार्ग अवलम्बन गरे । अर्को, लिपुलेक प्रकरणमा जनताको दबाबमा संसद्मा एकमतले भारतीय हस्तक्षेपको विरोध गरे र नागरिक समाजको दबाबमा नयाँ नक्सा निकाल्न संसद् र सरकार बाध्य भयो । यसको कारण भारतीय साम्राज्यवाद पनि यो संसद् विघटन गर्ने खेलतिर लाग्यो । यी दुबैको दबाबमा केपी ओलीले यो घटना घटाए । नत्र आफ्नै नेतृत्वमा रहेका दुईतिहाइ बहुमतको सरकारलाई विघटन गर्ने के रहर थियो होला र ओली महोदयलाई ? अबको साम्राज्यवादी डिजाइन यो चुनावबाट देउवा र केपी तथा एमसीसी पक्षधरहरूलाई एकलौटी वा बहुमतमा आउने गरी नियोजित चुनाव गरेर सरकार बनाउन चाहन्छन् र एमसीसी जसरी पनि पास गर्न चाहन्छन् । यससँगै लिपुलेक प्रकरणमा पनि केपी ओलीलाई कुनै न कुनै रूपमा झुकाएर मात्र सरकारमा लैजाने षड्यन्त्र छ । यसरी संसद् विघटनको यो तात्कालिक साम्राज्यवादी स्वार्थमा गरिएको दोस्रो कारण रहेको छ ।

तेस्रो कारण, उनीहरूको पार्टीको आन्तरिक अन्तरविरोध हो । यो पनि आत्मसमर्पणवादी स्वार्थमा केन्द्रित छ । कुर्ची, आर्थिक लाभ, दलाली र आत्मसमर्पणमा कसले बढी खरानी घस्ने भन्ने मामिलामा यो केन्द्रित छ । गएको चुनावमा बनाएको चुनावी मोर्चापछि पार्टी एकताको घोषणा जो गरे, त्यो नितान्त स्वार्थ केन्द्रित एकता थियो अर्थात् त्यो साम्राज्यवादले चोचोमोचो मिलाइदिएको प्रतिगामी एकता थियो, जो धेरै दिन टिक्न सक्दैनथ्यो । हामीले उतिखेरै भनेकै थियौँ– (१) कम्युनिस्ट सरकार भएको कारणले (२) क्रान्ति दबाउने उनीहरूको अभीष्ट पूरा हुन सक्दैनथ्यो (३) चीनको हात माथि पर्ने भएकोले । यी कारणहरूले गर्दा 'दुईतिहाइ बहुमतको सरकार भए पनि ५ वर्ष टिक्न, खान दिनेछैनन्' भन्ने चुनावलगत्तै बसेको हाम्रो पार्टीको छैटौँ केन्द्रीय समितिको संश्लेषण थियो । भलै उनीहरू (तथाकथित कम्युनिस्ट सरकार) ले जनता झुक्याउन शान्ति, विकास र समृद्धिको नारा लगाए, यसले जनतामा केही समय भ्रम पार्न त सफल भए तर यो धेरै दिन टिक्न सक्दैनथ्यो । सकेन किनकि यो कुनै शान्ति र समृद्धिको कुरा थिएन, भ्रम मात्र थियो । विकासको नाममा भ्रष्टाचार गर्ने र आर्थिक लाभ लिने, समृद्धिको नाममा जनता र देशको टाउकोमा ऋण भार थोपर्ने, देशलाई हरिकर्ाि बनाउने र जनतालाई सडक छाप बनाउने, शान्तिको नाममा क्रान्तिकारीहरूलाई दमन गर्ने, खास गरी नेपाल कम्युनिस्ट पार्टी (विप्लव) लाई दमन गर्ने र सिध्याउने साम्राज्यवादसँगको भित्री सहमति र मनसाय थियो । प्रतिबन्ध त्यसैको परिणाम थियो । यी तीनओटै बाचाहरू पूरा नभएपछि र पूरा गर्न नसकेपछिको अवस्थामा उनीहरूबिचको अन्तरविरोध र अन्तरकलह बढेर गयो । जसमा घ्यू थप्ने काम बाहिरबाट विदेशी शक्तिकेन्द्रहरू र आन्तरिक रूपमा नेपाली काङ्ग्रेस र साम्राज्यवादबाट संचालित बिग मिडिया हाउसहरूले गरिरहे । अन्ततः उनीहरू यिनलाई फुटाउन र विघटन गराउन सफल भए । यो विघटनको तेस्रो कारण हो ।

चौथो र महत्वपूर्ण कारण, संसदीय व्यवस्था (सिस्टम) को असफलता हो । २०१५ सालको काङ्ग्रेसको दुईतिहाइ बहुमतको सरकार डेडवर्षमै आफ्नै आन्तरिक कलह र काङ्ग्रेसी ज्यादतीका कारण नै 'कू' को सिकार बन्यो । २०४८ को काङ्ग्रेसकै बहुमतको सरकार पनि आफ्नै आन्तरिक कलह (७४ रे र ३६ से गुटका) कारणले २०५१ मा गिरिजा आफैँले विघटन गर्नुपरेको थियो । यसपछिको एमालेको अल्पमतको सरकार, सूर्यबहादुर नेतृत्वको गठबन्धनको सरकार र २०५९ को शेरबहादुर देउवाको नेतृत्वको सरकार पनि यस्तै सत्तासंकट र आपसी कलहकै कारण विघटनमा परेको थियो । २०६९ को माओवादीको बहुमतमा रहेको संविधानसभा पनि स्वयं प्रचण्ड-बाबुरामकै बाहुलीबाट त्यसरी नै विघटन गराइएको घटना पनि स्मरणीय छ । यसैको शृङ्खलामा गरिएको केपी ओली नेतृत्वको केही साना दलहरूको समर्थनमा बनेको दुईतिहाइ बहुमतको सरकारलाई आफैँ विघटन गर्नु आदि घटनाहरूले, नेपालमा पटक-पटक गरी ३ दशकभन्दा बढीको समय अवसर पाएको संसदीय व्यवस्था आफ्नै असफलताको कारणले विघटनमा पर्दै आएको छ । नेपाली जनताले पटक-पटक अवसर दिँदा पनि, दुईतिहाइको बहुमत दिँदा पनि असफल हुनु संसदीय व्यवस्थाकै असफलताबाहेक अरू निष्कर्ष निस्कँदैन । यो संसद् विघटनको चौथो र मुख्य कारण हो ।

यी कारणहरूले गर्दा यो संसद् सातौँ पटकको विघटनमा परेको छ । विघटनका यी ४ कारणहरूमध्ये चौथो कारण विघटनको मुख्य कारण हुनुले संसदीय व्यवस्थाकै असफलतालाई प्रमाणित गर्दछ । यसले नेपालमा अबको अनिवार्य आवश्यकता 'व्यवस्थाकै अग्रगामी विकल्प' हो भन्ने तथ्यलाई पुष्टि गर्दछ ।

» ***यस्तो अवस्थामा विभिन्न राजनीतिक पक्षहरूले वर्तमान समस्याको समाधानबारे विभिन्न विकल्पहरू पेश गरिरहेका छन्, तीबारे के भन्नुहुन्छ र तपाईंले देखेको अबको निकास के हो ?***

अबको विकल्प संसदीय चिन्तन र संसदीय व्यवस्थाभित्रबाट दिनु वा सोच्नुको कुनै औचित्य छैन । यो अब 'मिति सकिएको औषधी' जस्तो भइसकेको छ, जो अब विषमा परिणत भइसकेको छ ।

संसदीय चिन्तन र प्रणालीको आधारमा सोच्नेहरूको विकल्प संसदीय घेराभन्दा बाहिर छैन । पहिलो, उनीहरूले या त संसद्को पुनःस्थापना गर्ने या त चुनावमा जाने यी दुई विकल्पबाहेक अरू केही देखिरहेका छैनन् । दोस्रो, उनीहरू यही घेराभित्रबाट या त संकटकाल घोषणा गर्ने या नयाँ समीकरण गरेर मिलीजुली सरकार गठन गर्ने भन्नेभन्दा बाहिर छैन । यी यथास्थितिवादी विकल्प मात्र हुन् । कतिपयले कार्यकारी राष्ट्रपतीय प्रणालीको पनि कुरा उठाइराखेका छन् । यो पनि त्यही संसदीय घेराभन्दा बाहिर छैन । यो भनेको मिति सकिएको औषधीमा बाहिर नयाँ स्टीकर टाँसेर पुरानै औषधी बेच्ने 'नयाँ बुद्धिमान' हरूको अक्कल हो, जो जनता झुक्याउने चालबाजी मात्रै हो । यसले पनि यही संसदीय व्यवस्थालाई टिकाउनेभन्दा अरू काम गर्दैन । केही प्रतिगामी सोच-चिन्तन भएकाहरूले स्वाभाविक हिसाबले मरिसकेको लासलाई ब्युँताउन सकिन्छ कि भन्ने सपना देख्नुलाई पनि अस्वाभाविक मान्न सकिँदैन । तर कमल थापाले अरूलाई 'उछिनेर' 'राजादेखि विप्लवसम्म र काङ्ग्रेसदेखि मधेसवादी दलसम्म अटाउने राजनीतिक प्रणाली खोजौँ, यसको लागि गोलमेच सम्मेलन गरौँ' भन्ने विकल्प सार्वजनिक गरे । यो पनि एउटा विकल्प हो । यहाँ मैले 'अरूलाई उछिनेर' किन भनेँ भन्दा, उनले आफ्नो पुरातन राजनीतिक सोचले राजा पनि अटाउने कुरा गर्नु उसको धर्म हो तर उनले कम्तीमा पनि संसदीय व्यवस्थाको विकल्प नयाँ प्रणालीमा जाने कुरा गरेका छन् । यसले कम्तीमा नयाँ प्रणालीको बारेमा छलफलको ढोका खोल्छ । राजादेखि, विप्लव, काङ्ग्रेस, मधेसी दलहरू सबै अटाउने प्रणाली खोजौँ भन्नु केही नयाँ सिस्टमबारे विकल्प दिनु संसदवादीहरूले सोच्नेभन्दा अलि भिन्न र नयाँ सोच हो । जसबारे संसदवादीहरूको 'शुन्य सोच' छ । जब कि यो व्यवस्था असफल भएको छ भन्ने कुरा सामान्य राजनीतिको 'र' जानेकाहरूले बुझ्ने कुरा हो । फेरि पनि उही असफल व्यवस्थामा फन्को मारिरहने सोच नै अहिलेको परिवेशमा 'सबभन्दा पछि परेको पश्चगामी सोच' हो । योभन्दा कम्तीमा आफ्नो घुसाएर भए पनि कमल थापाले नयाँ प्रणालीको बारेमा छलफल गर्ने सोच त बनायो । जब कि के पुष्टि भइसकेको छ भने यो घटनाको कारण 'व्यवस्थाको असफलता हो र यसको विकल्प नयाँ व्यवस्था र नयाँ सिस्टमको माग' हो । पुरानो तरिकाले कुनै राजनीतिक निकास ननिस्कने कुरा त इतिहाससिद्ध भइसकेको छ ।

जहाँसम्म नयाँ राजनीतिक निकासबारे हाम्रो र मेरो धारणाको कुरा छ– केपी ओलीले यो नियोजित घटना घटाएपछि निस्कने सम्भावित ३ परिणाम वा विकल्प हुन्– पहिलो यथास्थितिवादी विकल्प, दोस्रो प्रतिगामी विकल्प र तेस्रो अग्रगामी विकल्प । यसमध्ये अघिल्ला दुई विकल्पबारे माथि नै उल्लेख गरेँ, न पुनःस्थापनाले न चुनावले, न संकटकाल वा राजा-महाराजाहरूको प्रत्यागमनले नेपालको राजनीतिक निकास दिन्छ । यी दुबै विकल्पहरूको पछाडि भयंकर रक्तपातपूर्ण षड्यन्त्र लुकेको छ । यतिसम्म कि यसको पछाडि राष्ट्र नै असफल हुनेतिरको खतरनाक र दुर्भाग्यपूर्ण भविष्य छ । यसतिर कसैले सोचे भने त्यो दिनदेखि नेपाल र नेपाली जनताको दुर्दिन सुरु हुनेछ । यसतिर कसैले सोच्नुहुँदैन । मैले र हाम्रो पार्टीले भन्दै आएको नेपालको उज्यालो राजनीतिक भविष्य र निकास भनेको अग्रगामी राजनीतिक निकास नै हो ।

त्यसो भए अग्रगामी राजनीतिक निकास के हुन सक्छ त ? हामीले बारम्बार भन्दै आएका छौँ– 'पहिले निकास अनि मात्र बिकास' । राजनीतिक निकासबिनाको विकास व्यर्थ जनता झुक्याउने चालबाजी मात्र हुन्छ । त्यो भनेको सबै अग्रगामी शक्तिहरू, प्रगतिशील शक्तिहरू अटाउन सक्ने राजनीतिक प्रणालीको विकास हो । राष्ट्रिय स्वाधीनताको सुनिश्चित गर्ने, जनतालाई अधिकार सम्पन्न गर्ने, देशलाई धनी बनाउने (समृद्ध गर्ने), नेपालमा बस्ने सम्पूर्ण जनसमुदायलाई सम्पूर्ण उत्पीडनबाट मुक्त गर्दै समानताको हक कायम गर्ने र सदाको लागि देशबाट हिंसाको (सम्पूर्ण हिंसाको स्रोतकै) अन्त्य गर्दै दिगो शान्ति कायम गर्ने, जसमा सबै नेपाली जनता अटाउन सकून्, यो प्रणालीको विकास हामी नेपालीहरूकै बिचबाट गर्न चाहन्छौँ । यो संसदीय व्यवस्थाभन्दा बाहिरबाट मात्र सम्भव छ । नेपाली समाज, नेपाली जनताको भावना सुहाउँदो राजनीतिक प्रणाली अबको आवश्यकता हो । यसको बारेमा उचित वातावरणमा सबै पक्षसँग छलफल गरी अगाडि बढ्न हामी तयार छौँ ।

» ***तपाईं जनसरकार प्रमुख पनि हुनुहुन्छ यो अवस्थामा जनसत्ताको औचित्य र यसका पछिल्ला कार्यहरूबारे केही बताउनुहुन्छ कि ?***

हो अहिले पनि मलाई हाम्रो पार्टीले जनसरकारको प्रमुखको जिम्मा दिएको छ र मैले मेरो जिम्मेवारी र कर्तव्यलाई इमानदारीका साथ पूरा गर्दै आएको छु र जनताको उज्ज्वल भविष्य निर्माण गर्न र देशको उचित राजनीतिक निकासको बारेमा पनि आफ्नो ठाउँ र जिम्मेवारीबाट खेल्ने भूमिका निभाउँदै आएको छु ।

अहिले पनि के कुरा सत्य हो भने यो देशमा संसदीय व्यवस्था नै नेपाली जनताको दुर्भाग्यको एक मात्र कडी बनिरहेको छ, यो नै नेपाल र नेपाली जनताको प्रगति र विकासको बाधक बनेको छ । वैज्ञानिक समाजवाद अबको अनिवार्य विकल्प हो । यो भन्ने आँट केवल हाम्रो पार्टीसँग मात्र छ । यसबारे प्रशस्त तथ्य हामीले दिइसकेका छौँ । विदेशी शक्ति केन्द्रहरू पनि हाम्रा लागि प्रगतिको बाधक बनिरहेका छन् । उनीहरू यही व्यवस्थामार्फत चलखेल गर्न सजिलो भएको छ । त्यसकारण उनीहरू यही व्यवस्थालाई जसरी पनि टिकाउन चाहन्छन् । यस्तै यो देशका दलालहरू तेस्रो बाधक तत्व हुन् । उनीहरू सत्ताको बलमा नेपाली जनतालाई वैज्ञानिक विचार-चेतना होइन, पुरातन दास मालिकको विचार-चेतना बाँडिरहेका छन् । यसले समाजलाई झन्पछि झन् पछाडि धकेलिरहेको छ । यी तीनै तत्वहरू नेपाली जनताका दुश्मन हुन् ।

समाज परिवर्तन आफैँ हुँदैन, मानिसले गर्नुपर्छ । मानिस परिवर्तन आफैँ हुँदैन, उसको विचार र चेतना परिवर्तन गरेर मात्र हुन्छ । चेतना परिवर्तन गर्नुको अर्थ उसको विचार र चेतनालाई अग्रगामी, प्रगतिशील, क्रान्तिकारी बनाउने र वैज्ञानिक बनाउनु हो । यो काम अहिले जनसत्ताको तर्फबाट भइरहेको छ । चेतना र विचार अग्रगामी भएन भने समाज र सत्ता पनि अग्रगामी बन्दैन । विचार र चेतना वैज्ञानिक भएन भने समाज र सत्ता वैज्ञानिक बन्दैन । त्यसैले वैचारिक सत्ता जो मान्छेको नसा-नसामा संस्कृति र संस्कारमा, आनी-बानी, स्वभाव र प्रवृत्तिमा आदतको सत्ता बनेर बसेको हुन्छ । त्यो आदतको सत्ता भत्काउने पहिलो काम वैचारिक सत्ता निर्माण गर्नु हो । अनि मात्र भौतिक सत्ता निर्माण गर्न सकिन्छ । यो ज्यादै

... बाँकी पृष्ठ ४ मा

दलाल सहकारीलाई विस्थापित गरी वैज्ञानिक समाजवादी सहकारीको स्थापना गर्नु आजको आवश्यकता

तेजराज गिरी 'प्रमोद'

१. पृष्ठभूमि

सहकारी ल्याटिन शब्द को-अप्रेसन, जसको अर्थ हुन्छ, सहयोगबाट को-अप्रेटिभ अर्थात् सहकारी बन्न गयो । सहकारी सहकार्य (सँगसँगै कार्य) दुईवटा शब्दहरू मिलेर सहकारी बनेको छ, जसको नेपाली शाब्दिक अर्थ परस्परमा सहयोग आदान-प्रदान भन्ने बुझिन्छ । सामान्यतया सहकारी भनेको छरिएर रहेको प्राकृतिक श्रोत, उत्पादनको साधन र साध्यलाई उत्पीडित वर्गसँग केन्द्रीकृत गरी परस्परमा आदान प्रदान गर्ने भन्ने बुझिन्छ । सहकारी वर्गसमाजसँग जोडिएका विषय भएकाले यो एक प्रकारको समाजिक सत्ता पनि हो । सहकारी कम्युनको प्रारम्भिक एकाइ हो । आदिम साम्यवादी युग गणराज्यहरूमा आ-आफ्नो गणहरूमा मानव जीवन समान थियो । जब निजी सम्पत्तिको विकाससँगै वर्गको जन्म भयो, तब एक वर्गले आर्को वर्गलाई शोषण गर्ने साधनको रूपमा राज्यसत्ताको जन्म भयो । राज्यसत्ताको चरम दमनसँग लड्न, आपत र अभावबाट बच्न एक अर्कासँग सहकार्यको स्थिति बन्न गयो । त्यसले सामाजिक रूप लियो । आज पनि नेपाली समाजमा आवश्यक पर्दा सरसामान बाँडेर चलाउने, नयाँ नौलो खानेकुरा बाँडेर खाने, ऐंचोपैंचो, अर्मपर्म आदि चलन रहेको छ । यो नै सहकारीको प्रारम्भिक रूप हो ।

२. सहकारीको इतिहास

प्राचीन सहकारीको सुरुआत पूर्वीय दर्शनबाट भएको हो । ऐंचोपैंचो, अर्मपर्म, जिउँदाको जन्ती मर्दाको मलामीजस्ता कुराहरूमा सहकारीको भावना प्रकट भएको पाइन्छ । सन् १४९८ मा बेलायतको एब्रुनमा स्थापना भएको दिशोर पोर्टस्ट सोसाइटी, बेलायतमै सन १८३२ मा स्थापित लकहस्ट्लेन इन्डिस्टिएल को-अप्रेटिभ सोसाइटी र सन् १८३९ मा ग्यालासिल्स एण्ड हार्बिक को-अप्रेटिभ सोसाइटी यी सबै सहकारीको प्रारम्भिक रूप हुन् । सन् १८०० देखि १८२४ सम्म भौतिकवादी विचारक रोबर्ट ओवेनले स्कटल्याण्डमा रहेको आफ्नो नयाँ लानार्क सुति कपडा कारखानामा आफ्नो कामदारको जीवन सुधार्न र कामदारको बच्चा पढाउन भनेर संसारकै पहिलो को-अप्रेटिभ स्टोर खोले, यो नै सहकारीको पहिलो रूप थियो । रोबर्ट ओवेनलाई सहकारीको पिताको रूपमा मान्ने गरिन्छ । आधुनिक सहकारीको सुरुआत १९ औं शताब्दीमा युरोपियन देशहरूमा भएको औद्योगिक क्रान्तिले यान्त्रिकरणसँगै बेरोजगारीको संख्या बढ्दै गयो । मजदुर र मालिकबिच अन्तरविरोध बढ्दै गयो । आर्थिक मन्दीका कारण लगानीकर्ताले श्रमिकको ज्याला कटौती गर्नुको साथै श्रममा बालकको समेत प्रयोग गर्न थाले र मालिकहरूले स्थापना गरेको पसलहरूबाट नै दैनिक सामानहरू किन्नुपर्ने बाध्यात्मक रूपमा कुपन प्रणाली लागु गरियो । खाद्यान्नहरू गुणस्तरहीन तथा महँगो मूल्यमा बिक्री गर्न थाले । जसले श्रमिकको जीवन भय र कष्टकर बन्दै गयो । यसबाट मुक्ति खोज्ने क्रममा श्रमिकहरू सङ्गठित भई उपभोक्ता भण्डार साझा पसल आफैं स्थापना गरे । सन् १८४४ डिसेम्बर १४ मा बेलायतको रोज्डेल सहरमा २८ जना मजदुरको साझा प्रयासबाट सुरु भएको रोज्डेल सहकारी अभियान नै विश्वव्यापी रूपमा विकास हुन पुग्यो । सन् १९१७ को अक्टोबर क्रान्तिपछि रुसमा सहकारीको व्यापक गठन र सञ्चालनमा आयो । यसले अर्थतन्त्रको ठूलो हिस्सा ओगट्दै समाजवादको विकासमा राम्रो टेवा पुऱ्याएको थियो । सोभियत संघमा सन् १९३६ मा जारी गरेको संविधानको धारा ५ र ६ मा समाजवादी सम्पत्ति (सबैको सम्पत्ति) र सहकारी संगठनको सम्पत्तिको रूपमा रहेको थियो । चीनमा माओको नेतृत्वमा सञ्चालन भएको सहकारीले उल्लेखनीय काम गरेको थियो । जग्गा जमिन सार्वजनिक तथा सामूहिक सम्पत्ति सानो मझौला व्यवसाय र उद्योग आदि सहकारीमै केन्द्रित गरेर सञ्चालन गरेको थियो भने धेरै सहकारी मिसाएर जनकम्युनको समेत विकास भएको थियो । उत्तर कोरियामा सम्पूर्ण स्रोत साधन र जनतालाई सहकारीमा केन्द्रीकृत गरी उत्पादनमा लगाउँदा आत्मनिर्भर अर्थतन्त्रको विकास भयो भने क्युबामा सहकारीको कारणले गर्दा २ वर्षमा नै समाजवादको राम्रो जग बसेको थियो । त्यस्तै, समाजवादी देश भन्नेहरूमा सहकारीले देशको अर्थतन्त्रमा ठूलो प्रभाव पारेको थियो । नेपालमा पनि जनयुद्धको बेलामा जनसत्ताको मातहतमा सहकारी र जनकम्युनको राम्रो विकास हुँदै गएको थियो । सहकारी सामाजिक उत्पीडनबाट मुक्त हुने एउटा साधन भएकाले उत्पीडित वर्गले वैज्ञानिक समाजवाद र साम्यवादको निर्माणका निमित्त एउटा एकाइको रूपमा प्रयोग गर्दै आएको पाइन्छ भने पछि सामन्त, पुँजीवादी र साम्राज्यवादीहरूले पनि कम्युनिस्ट आन्दोलनलाई रोक्नको लागि सहकारीको व्यापक प्रयोग गर्दै आएको पाइन्छ । पुँजीपति र साम्राज्यवादीहरूले गरिब र पिछडिएको देशहरूमा सहकारी गठनको अभियान नै चलाउँदै आएको छ र सम्पूर्ण सहकारीलाई अन्तर्राष्ट्रिय सहकारी महासङ्घको माध्यमबाट आफ्नो नियन्त्रणमा राख्दै आएको छ । नेपालमा पनि २०१० मा सहकारी विभागको गठन, २०१३ मा सहकारी संस्था, २०१६ मा सहकारी ऐन, २०२० मा सहकारी बैंक (२०२४ देखि कृषि विकास बैंक) पछि साझा प्रकाशन, साझा भण्डार, साझा यातायात, साझा संस्था, २०३३ मा ग्रामीण विकासका लागि साझा कार्यक्रम २०४१ सालमा सहकारी ऐन खारेज गरी साझा संस्था ऐन अगाडि बढायो । २०४६ सालको आन्दोलनपछि २०४८ सालमा सहकारी ऐन र २०४९ सालमा सहकारी नियमावली जारी भई अभियानकै रूपमा अघि बढाउन खोजे पनि राजतन्त्रात्मक दलाल संसदीय व्यवस्थाको कारण सहकारीको राम्रो विकास हुन सकेन । २०६२/०६३ सालको आन्दोलनपछि अन्तरिम संविधानमा ३ खम्बे अर्थनीतिअन्तर्गत सहकारीलाई १ खम्बे अर्थनीतिअन्तर्गत राखिएको थियो । २०७४ मा सहकारी ऐन, २०७५ मा सहकारी नियमावली निर्माण गरी नाफाको लागि जे पनि गर्न ठग दलालहरूको सेयर अनि भोटको नाफामूलक रूपमा सहकारीलाई अगाडि बढाएको छ ।

> *दलाल वित्तीय संस्थाको विकल्पमा वैज्ञानिक समाजवादी अर्थप्रणाली हुने भएकाले वैज्ञानिक समाजवादी अर्थउत्पादनको एकाइको रुपमा जनसहकारी (वैज्ञानिक समाजवादी सहकारी) को विकास गर्नु जरूरी छ । सहकारी दलालहरुको नयाँ शोषणको विधि बनेको बेलामा जनसहकारी निर्माण गरी वर्गसंघर्षको तिखो हतियार बनाउनुपर्छ ।*

३. विद्यमान समस्या र विकृति

सहकारी कस्तो हुने भन्ने विषयमा राजनीति र राजकीय सत्ताको चरित्रमा भर पर्ने हुँदा सहकारी राज्यसत्ताको चरित्रअनुसार बदलिन जान्छ । त्यसै कारणले तल्लो वर्गमा लक्षित सहकारी विघटन हुँदै गएको छ भने दलाल अर्थचरित्रको कारण दलाल सहकारीको रूपमा बदलिँदै गएको छ । विद्यमान नेपाली समाजमा तीब्र रूपमा दलाल सहकारी गठन हुँदै गएको छ । यो गम्भीर चिन्ताको विषय हो । सहकारी स्वतन्त्र नहुने र यसले राजकीय स्वरूप ग्रहण गर्ने भएकाले राजनीतिक सत्ता अर्थसम्बन्धको राम्रो छाप सहकारीमा परेको हुन्छ । राजनीतिक सत्ता दलाल भयो भने सहकारी पनि दलाल बन्छ कि त विघटन हुन पुग्छ । पञ्चायती व्यवस्थाले पनि जनताको विद्रोह र असन्तुष्टिलाई रोक्नको लागि साझा संस्था ऐन साझा संस्था, साझा कार्यक्रम, साझा भण्डार, साझा पुस्तकालयजस्ता दर्जनौं कार्यक्रम अगाडि बढायो । २०४६ सालको आन्दोलनपछि नेपाली काङ्ग्रेसले उदारीकरण र निजीकरणको नीति लिएपछि कम्युनिस्ट आन्दोलन रोक्नको लागि एमालेको राजनीतिक कभरमा एनजीओ/आईएनजीओले सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक पक्षलाई आफ्नो नियन्त्रणमा राख्नको लागि सहकारीलाई अभियानकै रूपमा अगाडि बढायो । २०६३ सालपछि र जनयुद्धमा तल्लो वर्गको हितमा खोलिएको सहकारी राज्यसत्ताको चरित्र नमिल्दा विघटन हुने र सत्ताको चरित्रअनुसार बदलिन पुगेको छ । राजनीति र राज्यसत्ताको चरित्रअनुसार सामाजिक, आर्थिक र सांस्कृतिक चरित्र पनि बदलिँदै जाने भएकाले दलाल राजनीति र सत्ताको असर समग्र पक्षमा पर्दै गएको छ र यसको असर सहकारीमा पनि परेको छ । सहकारीलगायत लघुवित्तीय संस्था र बैंकहरूले नेपाली समाजलाई तहस नहस पारेको छ । जनता उठ्नै नसक्ने गरी आर्थिक रूपमा थिचिएको र नेपाली जनतालाई काखमा राखेर छुरा चलाएको छ । दलालहरूले सेवाभन्दा पनि नाफामूलक सेयर लगानी गरी हिजोका सामन्त र नोकरशाहहरूको भूमिका आज सहकारी र वित्तीय संस्थाहरूले खेलेको छ । यसले समाजको सम्पूर्ण अर्थसम्बन्ध आफ्नो हातमा लिई जनतालाई जता मन लाग्यो, उतै चुनावलगायत धेरैमा उपयोग हुन बाध्य पारेको छ । यसले पैसा नै महत्वपूर्ण र पहिलो हुने र अर्थआर्जन गर्न जे गर्दा र गराउँदा पनि हुने चरित्रहीन दलाल पुँजीवादी सामाजिक चरित्र निर्माण गर्दै उपयोगवाद र उपभोक्तावादी समाज निर्माण गर्न ठूलो भूमिका खेलेको छ । वित्तीय संस्थाले धेरैको घरबारविहीन बनाउँदै लगेको छ भने धेरै जनता लुटिएका छन् र पीडित जनतालाई आत्महत्यासम्मको मनस्थितिमा पुऱ्याएको छ । यसले सामाजिक कलहको सृजना गरेको छ । अझ कुनै सहकारी, बैंक र लघुवित्तीय संस्थाहरूले ग्रामीण महिला उत्थान र विकासको नाममा बैंकबाट २ देखि ६ प्रतिशत ब्याजदरमा ऋण लिई ग्रामीण भेगमा महिला समूह बनाएर १७ देखि २१ प्रतिशतमा ऋण लगानी गरी सेवाशुल्क र विभिन्न नाममा पैसा राख्ने र काट्ने अनि सम्पूर्ण पैसाको ब्याज तिराउने गरिन्छ । बचत तथा ऋणको रूपमा महिला समूह सञ्चालन गर्दै आएको वित्तीय संस्थाले कुनै पनि महिला समूहमा बसेको कुनै पनि महिलालाई ऋण दिँदा परिवारका कुनै सदस्य वा श्रीमान्लाई ऋणको जिम्मेवारको सहीछाप र मासिक किस्ता बुझाउन नसकेमा सबै सदस्य मिलेर ऋणीको घरमा भएको सरसामान बेची उपर गराउने कि सबै मिलेर तिरिदिने सहमतिको जमानी कागज बनाएर सम्पूर्णलाई सहीछाप लगाई ऋण दिने गरिन्छन । मासिक किस्ता बुझाउन नसकेमा कानुन, सत्ता, समूहका सदस्यहरू हरउपाय लगाएर मासिक किस्ता तिराउने गरिन्छ । विभिन्न समस्या गाँस, वास, स्वास्थ्य, शिक्षालगायत विभिन्न समस्याका कारण महिलाहरू यस्तो समूहमा बसी ऋण निकाल्न बाध्य हुन्छन् र एउटा समूहबाट ऋण निकालिसकेपछि इज्जतको डरले त्यस्तै प्रकारको अन्य समूहमा पनि सदस्य बसेर ऋण यताउता गर्दागर्दै ऋणको चङ्गुलमा फसिसकेका हुन्छन् अनि परिवारको सदस्यले जति कमाए पनि ऋण तिर्न नसक्ने र ऋण तिर्नकै लागि भए पनि विभिन्न काम गर्नुपर्ने वा विदेश जानुपर्ने बाध्यात्मक स्थिति बढ्न गएको छ । यसकारण परिवार र समाजमा कलह बढेको छ । महिलाहरूलाई आत्महत्यासम्मको मनस्थिति बनाएको छ ।

कुनै पनि विकल्प जनतामा नहुँदा दलाल वित्तीय संस्थामा नै भर पर्न जनता बाध्य भएका छन् । जनताको यो अवस्थाको फाइदा उठाउँदै दलाल वित्तीय संस्थाले समाजको सम्पूर्ण प्रणाली आफ्नो अधीनमा राखेर जनतालाई उपभोक्तावाद, उपयोगवाद र भड्किलो संस्कारमा फसाउँदै लगेको छ भने चुनावमा आफूअनुकूल मान्छेलाई सत्तामा पुऱ्याउन भोट हाल्नसमेत लगाउने गरेका छन् ।

४. समाधानका उपाय र यसको भविष्य

पुँजीवादी राजनीति र दलाल राज्यसत्ताको कारणले उल्लिखित तमाम समस्या असरल्लै देखा परिरहेका छन् । समाधानका लागि सहकारीबारे स्पष्ट दृष्टिकोणको आवश्यकता जरुरी हुन्छ । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी राजनीतिक दृष्टिकोणसहितको समाधानका लागि व्यापक बहस गर्नु जरुरी देखिन्छ । यो एउटा जनवादी प्रकृया हो । दलाल वित्तीय संस्थाको विकल्पमा वैज्ञानिक समाजवादी अर्थप्रणाली हुने भएकाले वैज्ञानिक समाजवादी अर्थउत्पादनको एकाइको रूपमा जनसहकारी (वैज्ञानिक समाजवादी सहकारी) को विकास गर्नु जरुरी छ । सहकारी दलालहरूको नयाँ शोषणको विधि बनेको बेलामा जनसहकारी निर्माण गरी वर्गसंघर्षको तिखो हतियार बनाउनुपर्छ । दलाल सहकारीको भण्डाफोर गर्दै वैज्ञानिक समाजवादी सहकारी आन्दोलनलाई भीषण बनाउनु आजको आवश्यकता हो । यसको मार्ग प्रशस्त गर्न खातिर कदम चाल्दा वास्तविक अर्थमा श्रमिक वर्गका लागि सहकारी नै वैज्ञानिक समाजवाद प्राप्तिको जीवनशील आधार बन्नेछ । जनसहकारी (वैज्ञानिक समाजवादी सहकारी) को समुज्ज्वल भविष्यको लागि एकीकृत जनक्रान्तिको मार्ग नै सर्वाधिक वैज्ञानिक हुने कुरामा दुईमत छैन ।

दुईतिहाई बहुमत ....

महत्वपूर्ण काम हो । भौतिक सत्ता भनेको संरचना, व्यवस्था, प्रणाली, संविधान, नियम, कानुन र यसको नेतृत्वमा अभिव्यक्त हुन्छ । हामी अहिले यो पहिलो र दोस्रो खुड्किलोका कामहरू सँगसँगै गरिरहेका छौं, जो सत्ताका लागि धेरै महत्वपूर्ण छ । यसका साथै, पुरानो सत्ताले गरिरहेको जनविरोधी, राष्ट्रघाती, जनघाती कार्यहरू र यसको औचित्यहीनताको बारेमा जनतालाई निरन्तर सचेत गराउने, सत्ताबाट संगठित गर्ने र त्यसलाई विस्तारै विस्थापित र निषेध गर्दै जाने कामहरूलाई क्रमशः गर्दै आएका छौं । जनसत्ताको औचित्य पनि यसैमा छ ।

» ***चार राजनीतिक पार्टीहरूबिच रणनीतिक संयुक्त मोर्चा गठन गर्ने निर्णय भएको रहेछ, त्यसको महत्व र सान्दर्भिकता के हो ?***

सान्दर्भिक प्रश्न उठाउनुभयो । मुख्य दुश्मनका विरुद्ध मित्र शक्तिहरूसँगको सहकार्यको नीतिलाई अर्को शब्दमा संयुक्त मोर्चा भन्ने गरिन्छ । मोर्चा एउटा इस्युवाइज गरिने नितान्त तात्कालिक विषयहरूमा पनि गरिन्छ, जसलाई कार्यनीतिक मोर्चा भनिन्छ । मुख्य र साझा दुश्मनका विरुद्ध अन्य मित्र शक्तिहरूसँगको सहकार्यलाई कार्यगत एकता पनि भन्ने गरिन्छ । दोस्रो अलि विचार मिल्ने मित्र शक्तिहरूसँग अलि परसम्म जान सकिने हुन्छ । जस्तै, यो कार्यदिशाको सवालमा आ-आफ्नो भए पनि यो प्रतिक्रियावादी सत्ता अर्थात् दलाल पुँजीवादी व्यवस्थाको अन्त्य गर्नुपर्छ भन्नेमा एकमत हुनेहरूबिच हुने संयुक्त मोर्चा यो व्यवस्थाको अन्त्य नहुँदासम्मको लागि कायम रहन सक्छ वा त्यो अवस्थासम्म सँगै सहकार्य गरेर जान सकिने हुन्छ । यस्तो प्रकृतिको मोर्चा रणनीतिक प्रकारको हुन्छ । हामी २२ दलीय मोर्चामा पनि सहभागी छौं । यो हाम्रो कार्यनीतिक मोर्चा हो भने मार्क्सवाद-लेनिनवाद-माओवाद वा विचारधारा मान्नेहरू, जसले यो दलाल सत्तालाई क्रान्तिको प्रक्रियाद्वारा अन्त्य गर्न चाहन्छ । ती शक्तिहरू हाम्रा सबभन्दा नजिकका मित्र शक्ति हुन् । त्यस्ता मित्र शक्तिहरूसँग अगाडिको क्रान्तिमा सहकार्य गर्न पार्टी सैद्धान्तिक रूपले जहिले पनि तयार रहन्छ र अहिले भर्खरै सम्पन्न हाम्रो पार्टीको नवौं केन्द्रीय समितिको बैठकले यस्तो रणनीतिक चरित्रको संयुक्तमोर्चाको लागि पनि पहल गर्ने निर्णय गरेको छ । यसको महत्व क्रान्तिकारीहरूको एकतालाई मजबुत बनाउने र दुश्मनलाई एक्ल्याउने तथा व्यापक जनसमर्थन जुटाउने र छिटोभन्दा छिटो जनक्रान्ति सम्पन्न गर्ने हुन्छ । अहिलेको राष्ट्रिय परिस्थितिमा यसको सान्दर्भिकता र औचित्य झन् बढेर गएको छ । क्रान्तिकारी शक्तिहरू किञ्चित पनि ढिलो नगरी निसंकोच यो कार्य सम्पन्न गर्दै अघि बढ्नुपर्दछ । किनकि संयुक्त मोर्चा भनेको क्रान्तिको तीन साधनमध्येको एउटा महत्वपूर्ण साधन हो ।

» ***सरकारसँगको वार्ता र संवादका कुराहरू पनि आइरहेका छन्, वास्तविकता के हो ?***

सरकारले बारम्बार यो हल्ला चलाइरहेको छ । कहिले वार्ता टोली बनाएको हल्ला गर्छ, कहिले भत्काएको र भंग गरेको नाटक गर्छ, कहिले हामीसँग वार्ता गरिरहेको हल्ला गर्छ । तर अहिलेसम्म विभिन्न तहमा अनौपचारिक छलफलहरू भएता पनि आधिकारिक र औपचारिक पहल राज्यबाट भएको छैन । यसले कहिलेकाहीँ कार्यकर्ता र जनतामा भ्रम पनि पार्दै आएको छ । यसमा भ्रममा पर्न किन जरुरी छैन भने वार्ताबारे हाम्रो पार्टीको नीति र धारणा स्पष्टै छन् । पार्टी सैद्धान्तिक रूपले वार्ताविरोधी छैन । आवश्यक परेको खण्डमा बिना कुनै षड्यन्त्र र जालझेल, देश र जनताको हितलाई सर्वोपरि राखेर वार्ता र संवादबाट यदि जनता र देशको समस्या समाधान हुन्छ भने त्यसको लागि पार्टी खुलै छ, तर आत्मसमर्पण, षड्यन्त्रपूर्ण ढंगले र जनतालाई झुक्याएर गरिने गोप्य वार्ताको कुनै औचित्य छैन ।

» ***तपाईं पार्टीको पनि सचिवालय सदस्य हुनुहुन्छ, पार्टीको आगामी नीति तथा कार्यक्रमबारे जनसमुदायलाई कसरी स्पष्ट पार्नुहुन्छ ?***

यस बिषयमा धेरै कुराहरू माथि नै भनिसकेको छु । संक्षिप्तमा देशको जिम्मेवार पार्टीको नाताले हामी क्रान्तिमा निकै हण्डर-ठक्कर खाएर आएका छौं । हामी अहिले धीरतापूर्वक सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक रूपान्तरणको कार्यलाई अघि बढाएका छौं । संगठन, संघर्ष, वैचारिक-राजनीतिक, आर्थिक कार्यहरूलाई अलि नयाँ ढंग, सोच र शैलीबाट अगाडि बढाएका छौं । हिजोका कमीकमजोरीहरू नदोहोरिऊन् भन्नेमा सतर्क छौं । अहिले पनि राष्ट्रियता, जनतन्त्र र जनजीविका सवालमा देश र जनताप्रति पूर्ण प्रतिबद्ध र उत्तरदायी बनेर सम्पूर्ण दीर्घकालिक र तात्कालिक नीति कार्यक्रमहरू अगाडि सारेका छौं; जो कतिपय सार्वजनिक पनि भएका छन् भने कतिपय समय क्रममा हुँदै जानेछन् ।

» ***हरेक वर्ष फागुन १ लाई जनयुद्ध दिवसको रूपमा मनाउँदै आउनुभएको छ, अहिले जनयुद्ध दिवसलाई कसरी सम्झनुहुन्छ ?***

वर्षको महान् जनयुद्ध नेपाली क्रान्तिकारी इतिहासमा एउटा गौरवमय इतिहास बनेको छ । यद्यपि नेतृत्वको विचलन र आत्मसमर्पणको कारण यसले आफ्नो पूर्ण लक्ष चुम्न सकेन । जसले गर्दा जनतामा केही संशय पनि पैदा भएको छ । यसले फेरि अर्को कठिनाइ मोल्नुपर्ने भएको छ । यसले आधा कार्य फत्ते गरेर बाँकी कार्य पछिल्लो पुस्तालाई सुम्पेर गएको छ । त्यो बाँकी काम पूरा गर्न हामी एकीकृत जनक्रान्तिमा जुटेका छौं । जनयुद्ध अपुरो त रह्यो तर यति हुँदाहुँदै पनि यसले महत्वपूर्ण शिक्षा दिएर गएको छ, जस्तो कि,

१. जनता जागे भने जतिसुकै बलियो तानाशाहलाई पनि घोडाबाट झार्न सक्छन् भन्ने पुष्टि गरिदियो ।

२. सशस्त्र संघर्षबाट मात्र परिवर्तन सम्भव छ भन्ने कुरा पुष्टि गरेको छ ।

३. बल प्रयोगबाट मात्र पुरानो सत्ताको ध्वंस र नयाँ सत्ताको निर्माण सम्भव छ भन्ने पुष्टि गरेको छ ।

४. उत्पीडित वर्गको जनताले पनि आवश्यक परे सत्ता चलाउन सक्छन् भन्ने कुरा प्रयोगबाट पुष्टि भएको छ ।

५. उत्पीडितहरूलाई विद्रोहको चेतना दिएको छ ।

६. दश वर्षको जनयुद्धले १० हजारको बलिदान भएको छ, जसबाट परिवर्तन शान्तिपूर्ण तरिकाले हुँदैन भन्ने पुष्टि गरेको छ ।

सकारात्मक रूपबाट हेर्दा जनयुद्ध एक परिवर्तनकारी संघर्ष, बलिदानीपूर्ण इतिहास, जनताको एकता, जनविद्रोह, जनसत्ता निर्माण र सत्ताको अभ्यासको दृष्टिकोणले सर्वहारा वर्गले ज्यादै सम्झनलायक इतिहास बनेको छ ।

नकारात्मक कोणबाट हेर्दा एउटा ज्यादै आशा गरेको नेतृत्वले पनि नसोचेको ढंगले क्रान्तिको विघटन गराउन सक्दो रहेछ, नचिताएको विचलनमा गएर धोका दिँदो रहेछ, आफैंले जन्माएको क्रान्तिको घाँटी आफैं निमोठ्न सक्दो रहेछ भन्ने पुष्टि गरेको छ ।

अझ पछिल्लो घटनाक्रमहरूले के पुष्टि गरेको छ भने वर्ग विचलन भएपछि र सत्तामा पुगेपछि हिजो आफूलाई नजिकबाट सहयोग गर्ने सहयोद्धाहरूलाई समेत कसरी निर्लज्ज ढंगले निर्मम हत्या, दमन गर्नसमेत तयार हुँदो रहेछ भन्ने पुष्टि गरेको छ ।

यो सकारात्मक र नकारात्मक घटनाको योगफलमा एकीकृत जनक्रान्तिको जन्म भएको छ । यो ज्यादै महत्वको ऐतिहासिक घटना बनेको छ । यो नै जनयुद्धको नयाँ शिक्षा हो ।

सारमा, यतिबेला जनयुद्धलाई सम्झनु भनेको - क्रान्ति अझै पूरा भएको छैन, सहिदको सपना पूरा गर्न बाँकी छ, नेपाली जनताको परिवर्तनको आकांक्षा पूरा भएको छैन, त्यसैले जनयुद्धको शिक्षा झन् महत्वपूर्ण बनेको छ । विगतका कमजोरीहरूबाट सतर्क र सजग बन्न, सहिदहरूको सपना साकार पार्न, जनयुद्धका अधुरा काम पूरा गर्ने प्रतिबद्धता जाहेर गर्न, सहिद, बेपत्ता योद्धाहरूलाई सम्झने दिनको रूपमा हामी जनयुद्धलाई सधैं सम्झने गर्छौं र सम्झिरहनेछौं ।

सधैंझैं जनयुद्धको सम्झनामा विभिन्न रचनात्मक कार्यक्रमहरू गरेर मनाउने हाम्रो कार्यक्रम छ । फागुन १ र फागुन महिनालाई नै पर्वमय बनाउन पार्टीको निर्देशन छ । यस अवसरमा म सम्झनास्वरूप जनयुद्धका सहिद-बेपत्ता योद्धाहरूलाई लाल सलाम गर्न चाहन्छु र उहाँहरूको अधुरो सपना एकीकृत जनक्रान्तिमार्फत पूरा गर्ने प्रतिबद्धता दोहोऱ्याउन चाहन्छु । आम देशबासीहरूमा जनयुद्धको २६ औं वार्षिकोत्सवको उपलक्ष्यमा सुस्वास्थ्य, दीर्घायू, एकता, प्रगति र सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

» ***अन्त्यमा रातो खबरमार्फत थप केही भन्नुहुन्छ कि ?***

हाम्रो आन्दोलन सेना र प्रहरीका विरुद्ध होइन, दलाल पुँजीवादका विरुद्ध हो । एकीकृत जनक्रान्ति सम्पूर्ण नेपाली जनताका लागि हो । मध्यावधि होस् या पूर्ण निर्वाचन; यो चुनाव साम्राज्यवादी स्वार्थमुखी चुनाव हुनेछ । यो व्यवस्था रहेसम्म यो चुनावले जनतालाई स्वतन्त्रता र स्वाधीनता दिनेछैन, न शान्ति र समृद्धि नै दिनेछ । यसले प्रताडना, गरिबी र विपन्नताबाहेक अरू केही दिनेछैन । यसैले सबै प्रगतिशील, देशभक्त, लोकतन्त्रवादीहरू, वामपन्थी, तथा स्वतन्त्र व्यक्ति-व्यक्तित्वहरू, क्रान्तिकारी शक्तिहरू एकपटक सबैले नयाँ सिस्टमको बारेमा सोचौं, नयाँ ढंगले सोचौं । दलाली र आत्मसमर्पण हाम्रो परम्परा होइन । त्यो हामीलाई स्वीकार्य छैन । वीर पुर्खाहरूले आर्जेको वीरता र स्वाभिमानलाई शिरोधार्य गरेर देशको राजनीतिक निकासलाई नयाँ ढंगले निकास दिने 'नयाँ सोच' सबैमा पलाओस्, जनयुद्ध दिवसको अवसरमा सबैमा यही शुभकामना छ ।

» ***महत्वपूर्ण समय र विचारका लागि यहाँलाई धेरै धेरै धन्यवाद ।***

मेरो पनि पार्टीको विचार र मेरो धारणा जनसमक्ष राख्ने मौका दिनुभएकोमा तपाईं र समस्त रातो खबर परिवारलाई धेरै धेरै धन्यवाद ।

भागिरथी भट्टको हत्याविरुद्ध विभिन्न सङ्गठनद्वारा कडा कारवाहीको माग

काठमाडौँ : बैतडीको दोगडाकेदार गाउँपालिकास्थित सनातन धर्म माध्यमिक विद्यालय कक्षा १२ मा अध्ययनरत १७ बर्षीया विद्यार्थी भागरथी भट्टको हत्याबारे तत्काल सत्यतथ्य छानविन गरी हत्यारालाई कडा कारवाही गर्न नेकपा निकट जनवर्गीय संगठन लगायत विभिन्न विद्यार्थीहरूले माग गरेका छन् ।

अखिल (क्रान्तिकारी) पृथ्वी नारायण क्याम्पस जिल्ला समिति पोखराका अध्यक्ष उपेन्द्र परियारले एक प्रेस विज्ञप्ति जारी गरि भागरथीलाई न्याय नदिए सम्पूर्ण प्रगतिशिल विद्यार्थीहरुले कलमलाई हतियारमा रुपान्तरण गर्दै विरोधमा उत्रने चेतावनी दिएका छन् ।

यसैगरी अखिल नेपाल महिला संघ क्रान्तिकारी सेती-महाकाली क्षेत्रीय समन्वय समितिले बैतडी जिल्लाको दोगडाकेदार गाउँपालिका-०७ सनातन धर्म माध्यमिक विद्यालय कक्षा १२ मा अध्ययनरत १७ वर्षीया भागरथी भट्टको हत्यारालाई कारवाही गर्न संघर्षमा उत्रिन अपिल गरेको छ । संगठनकी ब्युरो संयोजक पुर्णिमा धामीले शुक्रबार एक वक्तव्य जारी गर्दै मानवीय समवेदनाका सम्पूर्ण मुल्यमान्यताहरुको देहावसान गराउने यस्तो क्रुर, हिंस्रक र जघन्य अपराधको घटनामा संलग्न अपराधीलाई कठोर सजाय दिन माग गरेकी छन् ।

वक्तव्यमा भनिएको छ, 'मानविय समवेदनाका सम्पूर्ण मुल्यमान्यताहरुको देहावसान गराउने यस्तो क्रुर, हिंसक र जघन्य अपराधको घटनामा संलग्न अपराधीलाई कठोर सजाय माग गर्दछौं । साथै सम्पूर्ण महिला दिदीबहिनीहरु र आम जनसमुदायलाई यस्तो अभिव्यक्त गर्न नसकिने पिडादायी र क्रुर महिला हिंसाका घटनाहरु सधैंका लागि समाप्त पार्ने संघर्षमा उत्रिन अपिल गर्दछौं ।'

बैतडीको दोगडाकेदार गाउँपालिकास्थित सनातन धर्म माध्यमिक विद्यालय कक्षा १२ मा अध्ययनरत १७ बर्षीया विद्यार्थी भागरथी भट्टको हत्याबारे तत्काल सत्यतथ्य छानविन गरी हत्यारालाई कडा कारवाही गर्न ७ विद्यार्थी संगठनले पनि माग गरेका छन् । शुक्रबार सात विद्यार्थी संगठनले संयुक्त वक्तव्य जारी गर्दै घटनाले स्तब्ध बनाएको भन्दै बुधवार घरबाट विद्यालय गएकी भागरथी भट्ट साँझ घर नफर्केपछि खोजी गर्दै जाँदा बिहीबार साँझ ५ बजेतिर शव हत्या गरी फालिएको अवस्थामा जङ्गलमा फेला परेको र उनको बलात्कारपछि हत्या गरिएको आशंका गरिएको बताइएको छ ।

वक्तव्यमा नेपाल विद्यार्थी संघका निवर्तमान केन्द्रीय सह-महामन्त्री अच्युतराज कलौनी अनेर स्ववियु केन्द्रीय सदस्य गणेश सिंह ऐरी, अखिल (क्रान्तिकारी) सेती-महाकाली संयोजक विरेन्द्र शाह, रा.प्र.वि. सं.का केन्द्रीय उपाध्यक्ष तथा सुदूरपश्चिम इन्चार्ज उमेश विष्ट, समाजवादी विद्यार्थी युनियनका केन्द्रीय सचिव भरत लिसानी, अखिल (क्रान्तिकारी) सुदूरपश्चिम प्रदेश कार्यबाहक संयोजक पुष्कर जोशी र अखिल (छैठौं) सुदूरप्रदेश सदस्य पुष्कर भट्टले वक्तव्यमा हस्ताक्षर गरेका छन् । वक्तव्यमा भनिएको छ, 'उक्त घटनाको सत्यतथ्य छानबिन गरि सारा मानवीय मुल्य मान्यतामाथि चुनौती खडा गर्ने यस्तो हिंस्रक र अपराधी घटनामा संलग्न दोषीलाई छिटोभन्दा छिटो कानुनी कठघरामा उभ्याई हदै सम्मको कारवाहीका लागि सम्बन्धित निकायसँग जोडदार माग गर्दछौं ।'

कञ्चनपुरमा पनि भागिरथी भट्टको हत्याको विरोधमा प्रदर्शन

काठमाडौँ : नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल महिला सङ्घ क्रान्तिकारी कञ्चनपुरले बैतडीकी १७ वर्षीय छात्रा भागिरथी भट्टको बलात्कारपछि हत्या गरिएको विरोधमा प्रदर्शन गरेको छ । संगठनका केन्द्रीय सदस्य सृष्टिको नेतृत्वमा कञ्चनपुरको कृष्णपुरमा विरोध प्रदर्शन गरिएको हो । अखिल नेपाल महिला संघ क्रान्तिकारी कञ्चनपुरका जिल्ला संयोजक सामनाको अध्यक्षतामा सहभागी करिब १०० जना महिलाको बीचमा भएको कार्यक्रमको सञ्चालन कमलाले गरेकी थिइन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख वक्ता संगठनका केन्द्रिय सदस्य सृष्टिले बैतडी जिल्ला दोगडाकेदार नापा। ७ चडेपानी निवासी सिकीट स्थित सनातन धर्म माध्यमिक विद्यालयमा कक्षा १२ मा अध्यनरत १७ वर्षीय छात्रा भागिरथी भट्टको बलात्कार गरी हत्या भएको घटनाप्रति महिला संघ क्रान्तिकारीको गम्भीर ध्यानाकर्षण भएको बताएकी छिन् ।

साथै अमानवीय घटनाको तुरुन्त सत्य तथ्य छानबिन गरी घटनामा संग्लग्न जो सुकैलाई पनि कडा भन्दा कडा कारबाही गर्न सरकार र सम्बन्धित सबै पक्षलाई आग्रह गरेकी छिन् । जिल्ला संयोजक सामानाले दुई वर्ष अघि भएको निर्मला हत्याकाण्डका अपराधी पत्ता लगाई कारबाही गर्न सरकार असफल भएका कारण पनि यस्ता घटना मौलाउँदै गएको देखिएको बताइन् । यस्ता अपराधिक घटना नियन्त्रण गर्न, आवश्यक अनुसन्धानका लागि सबै पक्षसँग सहकार्य गर्न तयार भएको र जबसम्म यो दलाल संसदीय व्यवस्था रहिरहन्छ तबसम्म यस्ता घटना भइरहने टिप्पणी समेत गरिन् । अब सबै किसिमका समस्यालाई दीर्घायु हल दिनका लागि एकीकृत जनक्रान्तिको कार्यदिशामा एकताबद्ध हुन सम्पूर्ण महिला न्यायप्रेमीलाई आग्रह समेत गरिन् ।

सरकारले अनुसन्धान कार्यलाई गम्भीरतापूर्वक नलिई घटनाप्रति नजरअन्दाज गर्न र विषयान्तर गर्न खोजेमा त्यस्तो कार्यलाई कुनै पनि हालतमा स्वीकार्य नहुने समेत उनले बताएकी छिन् ।

कञ्चनपुरको कृष्णपुर बनराबाट सुरु भएको र्याली बैंक बजारमा पुगेर कोणसभामा परिणत भई समापन भएको थियो ।

अखिल (क्रान्तिकारी) द्वारा दिलबहादुर परियारप्रति संयुक्त रुपमा शोकसभा

अखिल (क्रान्तिकारी) गोरखा जिल्ला संयोजक गगन परियारको श्रद्धेय बुबा दिलबहादुर परियारको मृत्यु भएको १० औं दिनको दिन अखिल (क्रान्तिकारी) कास्की जिल्ला समिति र अखिल (क्रान्तिकारी) पिएन जिल्ला समितिको संयुक्त आयोजनमा मिति २०७७/१०/२२ गते शोक सभा सम्पान भएको छ ।

शोक सभाको अध्यक्षता अखिल (क्रान्तिकारी) कास्की जिल्ला संयोजक पुरन पुनले गरेका थिए भने सञ्चालन पिएन जिल्ला अध्यक्ष उपेन्द्र परियारले गरेका थिए ।

शोक सभामा प्रमुख अथिति अखिल (क्रान्तिकारी) गण्डक क्षेत्रीय समन्वय समितिका संयोजक अटलले गरेका थिए भने प्रमुख अथिति दिलबहादुर परिवारका श्रीमती पुजा परियारले गरेकी थिइन् । अथिति अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य प्रकाश बास्तोला, अथिति दिलबहादुर परियारका छोरा तथा अखिल क्रान्तिकारी गोरखा जिल्ला समितिका अध्यक्ष गगन परियारले गरेका थिए ।

सभामा अखिल क्रान्तिकारी गण्डक क्षेत्रीय समन्वय समिति, अखिल (क्रान्तिकारी) कास्की जिल्ला समिति र अखिल (क्रान्तिकारी) पिएन जिल्ला समितिले दिएको समवेदना पत्रसमेत बाचन गरिएको थियो ।

समवेदना बाचन अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य प्रकाश बास्तोलाले गरेका थिए । अथिति अटलले दिलबहादुर परियार भौतिक रुपमा नभए पनि उनले नेपाली समाज रुपान्तरणको लागि एक योद्धा छाडेर गएको बताए । उनले दिलबहादुर परियारको अकल्पनीय निधनले शोक सन्तन्ध परिवारलाई शोकमा शक्ति बदल्न आग्रह गर्दै शोलाकुल परिवारलाई संगठनले कहिल्यै अभिभावक गुमाएको महसुस हुन नदिने समेत बताए ।

गैरन्यायिक गिरफ्तारी र दमनका विरुद्ध राप्ती जिल्लामा शैक्षिक हड्ताल

काठमाडौँ : रुकुम पश्चिम लगायत राप्ती क्षेत्रमा प्रहरीद्वारा विद्यार्थीहरुमाथि गरिएको गैरन्यायिक गिरफ्तारी, दमनको विरोध र गिरफ्तारहरुको रिहाइको माग गर्दै अखिल (क्रान्तिकारी) ले सोमबार राप्तीका सबै जिल्लामा १ दिने शैक्षिक आम हड्ताल गरेको छ । रुकुम पश्चिममा भएको उक्त गैरन्यायिक गिरफ्तारीको अखिल (क्रान्तिकारी) दाङको तर्फबाट अध्यक्ष केसीले घोर निन्दा एवम् भर्त्सना गरेका छन् ।

अखिल (क्रान्तिकारी) दाङ जिल्ला अध्यक्ष अनिल केसीले प्रेस विज्ञप्ति जारी गरि संगठनको राप्ती क्षेत्रीय समन्वय समितिले घोषणा गरेको २६ गते राप्तीका सबै जिल्लाहरुमा आम शैक्षिक हड्तालको कार्यक्रम दाङमा पनि रहेकाले सम्पूर्ण शैक्षिक संस्थाहरु सञ्चालन नगरी सहयोग गरिदिनुहुन अनुरोध गरेका छन् ।

यही माघ १८ गते आफ्नै कोठामा अध्ययन गरिरहेको अवस्थामा अखिल (क्रान्तिकारी) रुकुम पश्चिमका अध्यक्ष प्रेम प्रशान्त बोहरा, कोषाध्यक्ष धनबहादुर वलीलाई प्रशासनले विनाकारण गिरफ्तार गरेर झुट्टा मुद्दा लगाएर हिरासतमा राखिरहेको र उक्त विरोध स्वरूप यहीँ माघ १९ गते संगठन रुकुम पश्चिमको आयोजनामा भएको विरोध र्‍यालीमा प्रहरीले व्यापक दमन गरि विद्यार्थीहरुलाई आतंकित बनाउदै संगठनका रुकुम पश्चिमका उपाध्यक्ष सोम्पाल कामी र सह-सचिव प्रकाश विकलाई अपहरण शैलीमा गिरफ्तार गरेर झुट्टा मुद्दा लगाउदै हिरासतमा राख्दै आएको छ ।

विज्ञप्तिमा भनिएको छ 'यही माघ १८ गते आफ्नै कोठामा अध्ययन गरिरहेको अवस्थामा हाम्रो संगठन अखिल (क्रान्तिकारी) रुकुम पश्चिमका अध्यक्ष प्रेम प्रशान्त बोहरा, कोषाध्यक्ष धनबहादुर वलीलाई केपी सरकारको रामबहादुर गृह प्रशासनले विनाकारण गिरफ्तार गरेर झुट्टा मुद्दा लगाएर हिरासतमा राखेको छ भने उक्त गैरन्यायिक गिरफ्तारी विरुद्ध यही माघ १९ गते संगठन रुकुम पश्चिमको आयोजनामा भएको विरोध र्‍यालीमा प्रहरीले व्यापक दमन गरि विद्यार्थीहरुलाई आतंकित बनाउदै संगठन रुकुम पश्चिमका उपाध्यक्ष सोम्पाल कामी र सहसचिव प्रकाश विकलाई अपहरण शैलीमा गिरफ्तार गरेर झुट्टा मुद्दा लगाउदै हिरासतमा राखेको छ । रुकुम पश्चिममा भएको उक्त गैरन्यायिक गिरफ्तारीको हाम्रो संगठन अखिल (क्रान्तिकारी) दाङले घोर निन्दा एवम् भर्त्सर्ना गर्दछ । कापी, कलम बोकेर विद्यार्थी हक, हित र अधिकारको निम्ति तथा शैक्षिक विकृति, विसंगति, अन्याय, अत्याचार, दमन, शोषणका विरुद्ध अहोरात्र खटिरहेका विद्यार्थीहरु देखेर पतनको संघारमा पुगेको केपी सरकार अत्तालिएको प्रष्ट छ ।

विज्ञप्तिमा अगाडि भनिएको छ, 'निर्मला पन्तको हत्यामा संलग्न अपराधीलाई पत्ता लगाई कारवाही गर्न नसकेकै कारण देशमा आपराधिक घटना मौलाएको छ । भर्खरै मात्र बैतडी जिल्लाको दोगकेडार गा.पा. ७ चदेपानी निवासी कक्षा १२ मा अध्ययनरत १७ वर्षिय छात्र भागिरथी भट्टको बलात्कार पछि विभत्स हत्या भएको छ तर यो बहिरो सरकार र यसको प्रशासनले अहिलेसम्म अपराधी सार्वजनिक गर्न सकेको छैन । स्वर्गीय भागिरथी भट्टप्रति श्रद्धाञ्जली व्यक्त गर्दै अपराधीलाई तत्काल नियन्त्रणमा लिएर कडा कार्वाही गर्न र पिडित परिवारलाई न्याय दिन सम्बन्धित निकायसँग माग गर्दछौं ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'रुकुम पश्चिम लगायत राप्ती क्षेत्रमा प्रशासनद्वारा विद्यार्थीहरुमाथि भएको गैरन्यायिक गिरफ्तारी, दमन र गिरफ्तार कमरेडहरुको रिहाइको निम्ति हाम्रो संगठन राप्ती क्षेत्रीय समन्वय समितिले घोषणा गरेको संघर्षका कार्यक्रम अन्तर्गत यहि माघ २६ गते राप्तीका सबै जिल्लाहरुमा आम शैक्षिक हड्तालको कार्यक्रम रहेको हुदा हाम्रो दाङ जिल्लामा पनि सबै शैक्षिक संस्थाहरु सञ्चालन नगरी सहयोग गरिदिनुहुन विद्यार्थी, अभिभावक, शिक्षकहरू, शैक्षिक संस्था संचालकहरु लगायत शैक्षिक क्षेत्रमा सरोकार राख्ने सबै निकायहरुलाई हार्दिक विनम्र अनुरोध गर्दछौ ।'

भट्टको हत्याराविरुद्ध लुम्बिनीमा प्रदर्शन, कडा कारवाही गर्न अखिल (क्रान्तिकारी)को माग

काठमाडौँ : नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) लुम्बिनी ब्युरोले विरोध प्रदर्शन गरेको छ । ब्युरो अन्तरगतका गुल्मी, अर्घाखाँची र नवलपुरमा प्रदर्शन गरेको हो ।

अखिल (क्रान्तिकारी) लुम्बिनी ब्युरोका संयोजक विरेन्द्र विकले निर्मला पन्त, सम्झना कामीलगायत दर्जनौं बलात्कारीहको सरकारले संरक्षण गरेका कारण देशभर हिंसा र बलात्कारपछि हत्याको शृङ्खला बढिरहेको भन्दै बैतडीमा भगिरथी भट्ट त्यसैको शिकार भएको बताए । उनले, हत्यारालाई कडा कारवाही गर्न माग गर्दै बलात्कार हत्या विरुद्ध संगठनले संघर्षलाई जारी राख्ने पनि बताए ।

प्रदर्शनलाई अखिल (क्रान्तिकारी) अर्घाखाँचीका अध्यक्ष नविन खड्का, नवलपरासीमा रूपन्देही जिल्ला कार्यवाहक अध्यक्ष इन्दु वली र नवलपरासी जिल्ला संयोजक सुशील परियारले सम्बोधन गरेका थिए ।

भट्टको हत्यारालाई कारवाही गर्न माग गर्दै पाल्पामा अनेमसंघ क्रान्तिकारीको प्रदर्शन

तानसेन : बैतडीमा भागिरथी भट्टको बलात्कारपछि हत्या गरिएको विरोधमा पाल्पामा विरोध कार्यक्रम सम्पन्न भएको छ । अखिल नेपाल महिला संघ क्रान्तिकारी पाल्पाद्धारा तिनाउ गाउँपालिकामा आयोजित कार्यक्रममा दलित मुक्ति मोर्चा नेपाल पाल्पाका अध्यक्ष निशान विकले घटनाको निष्पक्ष छानविन गरी हत्यारालाई कडा कारवाही गर्नुपर्ने बताए ।

अनेमसंघ क्रान्तिकारी पाल्पाका संयोजक कृष्णा थापाले निर्मला पन्तलगायत हत्याका दोषीहरूलाई कारवाही गर्नुको सट्टा केपी सरकारले नै बलात्कारी र हत्याराको संरक्षण गर्दै आएकोले यो सरकार र व्यवस्थाकै विकल्प खोज्नुपर्ने बताइन् ।

नेकपाका विभिन्न जनवर्गीय संगठनहरुले भट्टको हत्याविरुद्ध देशभर विरोध प्रदर्शन र कोणसभाहरु गरिरहेका छन् ।

मकवानपुरको बकैया र बागमती गाउँपालिकामा भित्तेलेखन

काठमाडौँ : नेपाल कम्युनिस्ट पार्टी मकवानपुरले पार्टीको केन्द्रीय कार्यक्रम अनुसार जिल्लाभरी भित्तेलेखन कार्य अगाडि बढाएको छ । एकीकृत जनक्रान्तिमा दृढतापूर्वक अगाडि बढौं ! वैज्ञानिक समाजवादी सत्ता प्राप्तिका लागि एकजुट होऔं !! जनसत्ता निर्माण गरौं ! पार्टीलाई जनतासँग मजबुद तरिकाले जोडौं !! भन्ने नाराहरुले जिल्लाका विभिन्न स्थानहरुमा लेखिएको देखिन्छ ।

यसैगरी नेपाल कम्युनिस्ट पार्टी जिन्दावाद ! सबै बामपन्थी शक्ति एक बनौं !! हत्या हिंसा बलात्कार र भ्रष्टाचार बन्द गर ! नेपाल कम्युनिस्ट पार्टी जिन्दावाद !! जस्ता आम जनतामाझ सन्देश जाने र सबै जनता गोलबद्ध भई पार्टीको कार्यदिशामा अघि बढ्ने जनविश्वास लिइएको यो अभियानलाई निरन्तरता दिँदै मकवानपुरको सबै भुगोलमा पार्टीलाई जनतासँग प्रत्यक्ष रुपमा जोड्नुका साथै जनतालाई पनि पार्टीगत रुपमा गोलबद्ध गराएर एकीकृत जनक्रान्तिको कार्यदिशामा अघि बढ्ने अठोट नेकपा मकवानपुरले गरेको समाचारमा जनाइएको छ ।

आकाश र सरललाई तत्काल रिहा गर : नेकपा

काठमाडौँ : नेपाल कम्युनिस्ट पार्टी धौलागिरीले राजनीतिक प्रशिक्षण र सांस्कृतिक अभियानको क्रममा जनताको घरदैलो हुँदै फर्किरहेको अवस्थामा केही भिजिलान्जेको सुराकीको कारणले बागलुङ इन्चार्ज आकाश र सामना सांस्कृतिक परिवारका संयोजक सरल माझीलाई केपी-बादल गृह प्रशासनले विनाकारण गिरफ्तार गरेको घटनाप्रति पार्टीको गम्भीर ध्यान केन्द्रित भएको भन्दै घोर आपत्ति एवम् खेद व्यक्त गर्दै तत्काल विनासर्त रिहा गर्न माग गरेको छ । ब्युरो इन्चार्ज राजनले सोमबार प्रेस वक्तव्यमार्फत नेता आकाश र जनकलाकार सरललाई तत्काल रिहा नगरे त्यसबाट उत्पन्न हुने जुनसुकै परिस्थितिको जवाफदेही सम्बन्धित पक्ष नै हुने चेतावनी दिएका छन् ।

वक्तव्यमा भनिएको छ, '२०७७ माघ २४ गते हाम्रो पार्टीका बागलुङ इन्चार्ज कमरेड आकाश र सामना सांस्कृतिक परिवारका संयोजक कमरेड सरललाई बागलुङ बडीघात गाउँपालिका वडा नं १ दगाटुम डाँडा, सल्लेपोखराबाट गिरफ्तार गरेको घटनाप्रति हाम्रो पार्टीको गम्भीर ध्यान केन्द्रित भएको छ ।'

व्युरो इन्चार्ज राजनले राजनीतिक प्रशिक्षण र सांस्कृतिक अभियानको क्रममा जनताको घरदैलो हुँदै फर्किरहेको अवस्थामा केही भिजिलान्जेको सुराकीको कारणले गर्दा भएको यस घटनाप्रति पार्टीको तर्फबाट घोर आपत्ति एवम् खेद व्यक्त गरेका छन् । उनले वक्तव्यमा भनेका छन्, 'हाम्रो पार्टीका लोकप्रिय एवम् स्वच्छ छवि भएका राजनीतिक नेता कमरेड आकाश र जनकलाकार कमरेड सरललाई विनासर्त रिहाइको माग गर्दछौं । अन्यथा त्यसबाट उत्पन्न हुने जुनसुकै परिस्थितिको जवाफदेही सम्बन्धित पक्ष नै हुनुपर्ने व्यहोरा जानकारी गराउँदछौं ।'

वक्तव्यमा केपी र उसको गृह प्रशासन 'रोम जलिरहेको छ, निरो बाँसुरी बजाइरहेको छ' भनेझैं क्रान्तिकारी नेता कार्यकर्ताहरुलाई 'प्रतिबन्ध' गिरफ्तार र हत्यामा शृङ्खलामा उत्रिएको बताइएको छ ।

भागिरथीको ....

गर्नुपर्ने र अपराधीहरु निस्चिन्त र उन्मुक्त भई अपराध थप मौलाउने वातावरणका कारण यस्ता घटनाहरु दोहरिएकाले उक्त घटना पनि त्यहि प्रवृतिको निरन्तरता भएको हुनाले अनुसन्धानका लागि आवश्यक सहयोग र सबै पक्षसँग सहकार्यका लागि पार्टी तयार रहेको भन्दै अपराधको तथ्यपरक छानविन र अपराधीहरु उम्कन नपाउन भन्नका लागि सम्पूर्ण राजनीतिक-सामाजिक संघ-संस्था, सचेत नागरिक र आम जनसमुदायको जागरुकता र खबरदारीलाई निरन्तरता दिन विशेष अनुरोध गरेका हुन् ।

उनले, सरकारले अनुसन्धान कार्यलाई गम्भीरता पूर्वक नलिई घटनाप्रति नजरन्दाज गर्न र विषयान्तर गर्न खोजेमा त्यस्तो कार्यलाई कुनै पनि हालतमा स्वीकार नगर्ने र त्यस अवस्थामा पार्टीले आम जनसमुदायको सहयोगमा घटनाको छानविन गरी वास्तविकता सार्वजनिक गर्ने पहलकदमी लिनेसमेत बताएका छन् ।

महासचिव विप्लवले वक्तव्यमा भनेका छन्, 'बैतडी जिलूला, दोगडाकेदार नापा। ७ चडेपानी निवासी, सिकीटस्थित सनातन धर्म माध्यमिक विद्यालयमा कक्षा १२ मा अध्ययनरत १७ वर्षीया छात्रा भागिरथी भट्टको बलात्कार गरी हत्या भएको घटनाप्रति हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ । दुई वर्ष अघि भएको निर्मला हत्याकाण्डका अपराधीहरु पत्ता लगाई कारवाही गर्न सरकार र प्रहरी प्रशासन असफल भएकाले पनि पीडितहरु दिनानुदिन रोदन गर्नुपर्ने र अपराधीहरु निस्चिन्त र उन्मुक्त भई अपराध थप मौलाउने वातावरणका कारण यस्ता घटनाहरु दोहरिएका छन् । हालको यो घटना पनि त्यहि प्रवृतिको निरन्तरता हो ।'

विप्लवले वक्तव्यमा अगाडि भनेका छन्, 'हाम्रो पार्टीले भागिरथी हत्याकाण्डलाई निकै गम्भीर रुपमा लिएको छ र हाम्रो पार्टी यस बर्बर र पाशविक जघन्य अपराधको घोर निन्दा र भर्त्सना गर्दछ । हामी यस अमानवीय घटनाको तुरुन्त सत्य तथ्य छानविन गरी घटनामा संलग्न जो कसैलाई पनि कडा भन्दा कडा कारवाही गर्न सरकार र सम्बन्धित सबै पक्षलाई आग्रह गर्दछौं । अनुसन्धानका लागि आवश्यक सहयोग र सबै पक्षसँग सहकार्यका लागि पार्टी तयार रहेको जानकारी गराउन चाहन्छौं । अपराधको तथ्यपरक छानविन र अपराधीहरु उम्कन नपाउन भन्नका लागि सम्पूर्ण राजनीतिक-सामाजिक संघ-संस्था, सचेत नागरिक र आम जनसमुदायको जागरुकता र खबरदारीलाई निरन्तरता दिन पनि विशेष अनुरोध गर्दछौं ।'

महासविच विप्लवले वक्तव्यको अन्त्यमा भनेका छन्, 'साथै यदि सरकारले अनुसन्धान कार्यलाई गम्भीरता पूर्वक नलिई घटनाप्रति नजरन्दाज गर्न र विषयान्तर गर्न खोजेमा त्यस्तो कार्यलाई कुनै पनि हालतमा स्वीकार गरिनेछैन र त्यस अवस्थामा हाम्रो पार्टी आम जनसमुदायको सहयोगमा घटनाको छानविन गरी वास्तविकता सार्वजनिक गर्न पहलकदमी लिई अघि बढ्ने विषयसमेत सबैमा जानकारी गराउन चाहन्छौं ।

धर्म र कम्युनिस्ट

अनिल शर्मा 'विरही'

मानवसभ्यताको प्रातःकालमा मानिस दैविक ज्ञानको निकट थिएन । प्राकृतिक घटना र प्रकृतिका रहस्यहरू देखेर उसमा कुतुहल तथा भय सिर्जना हुनु स्वाभाविक थियो । प्रकृतिका रहस्यहरूको वैज्ञानिक कारण नजान्दा कुनै अलौकिक शक्तिको अस्तित्व कल्पना गरेको हुन सक्छ । अहिले पनि कैयौँ जनजातिहरू प्रकृतिपूजक रहेको स्थिति, राउटेजस्ता जङ्गली जातिहरू प्रकृतिपूजक रहेको यथार्थले त्यसका लागि आधार प्रदान गर्दछन् ।

मानवचेतनामा धार्मिक भावना प्रारम्भमा कसरी पैदा भयो होला ? त्यस विषयमा एकरूपता देखिएको छैन । हुन सक्छ, मानव चेतनाको विकाससँगै उसले मृत्युको बारेमा सोच्न थाल्यो । चलमल, काम-धाम गरिरहने मान्छे एकाएक शान्त हुँदा रिसाएको वा मान्छेलाई शान्त बनाउने शक्ति भएको र शान्त भएको धेरै पछि दुर्गन्ध आउने, कुहिने देखेपछि र उसलाई सपनामा देख्न थालेपछि अलौकिक शक्तिको डरमा त्यो ठाउँ नै छोडेर जान थाले तर पनि मृत आफन्तको सम्झना हुन छोडेन । त्यसपछि मृत व्यक्तिले पिछा गरिरहेको कल्पना भएको हुनुपर्छ । आहारा बाँडेर खाने र त्यसो नगर्दा रिसाउनु स्वाभाविक थियो । मृत आफन्तलाई खुसी पार्न उसको भाग छुट्याउन थाले । कालान्तरमा सम्झना पनि धुमिल हुँदै जाने हुनाले त्यसलाई उसले भाग छुट्याएपछि रिसाउन छोडेको ठान्यो । त्यसकारण भाग छुट्याउने संस्कारले निरन्तरता पायो । त्यसैप्रकारको प्रक्रिया अन्य प्राकृतिक रहस्य र भयहरूका सन्दर्भमा पनि हुन थाल्यो । त्यसरी कबिला समाज प्रकृतिपूजक भएर गयो ।

अध्ययनबाट के देख्न सकिन्छ भने सबै मृत अग्रजहरूको स्मृति संस्कारको परम्परा जीवित मानवको मस्तिष्कमा एक दुःस्वप्नका रूपमा रहिरहेको हुन्छ । एकलाख वर्ष पहिले नै अन्डरथलले आफ्ना मृतकलाई गाड्ने, त्यहाँ खाना र हतियार राखिदिने गर्दथे । प्राकृतिक घटनाको भय, रहस्य र आत्मरक्षाका लागि प्राकृतिक शक्तिहरूलाई खुसी पार्न प्रार्थना गर्न थालियो । भौतिक घटनाको कार्य र कारण बुझ्न नसक्दा आध्यात्मिकताको सिर्जना भयो । वर्ग-समाजको उदयपछि वर्गीय स्वार्थसहित व्याख्या गरियो । दासयुग धर्मको स्वर्णकाल थियो । पहिलो वेद ऋग्वेद ई.पू. १५००-१२०० वर्ष पहिले भारतको पञ्जाब राज्यमा तयार भएको मानिन्छ । विस्तारै धर्ममा कर्मकाण्डवाद थपियो । कर्मकाण्डवादले राजालाई ईश्वर र ब्राह्मणलाई ईश्वरको उत्तराधिकारी ठान्यो । त्यसले अर्थात् बौद्धिक जगत्ले श्रमिकहरू र महिलालाई ईश्वरका दास ठान्न थाल्यो । त्यसले सत्ताद्वारा श्रमिकमाथिको उत्पीडनलाई नैतिक ठहऱ्यायो । त्यसप्रकारको नैतिक मूल्य र समाज व्यवस्थालाई विकास र समृद्ध बनाउनका लागि पौराणिक साहित्यको रचना गरियो । धर्मका सम्बन्धमा फ्रेडरिक एङ्गेल्सको भनाइ छ, "धर्म वास्तवमा अरू केही नभएर मान्छेको सांसारिक स्थितिको प्रतिबिम्ब हो । जहाँ ईश्वरले रूप धारण गरेको हुन्छ ।" धर्मले विभ्रम (उल्टो चेतना) या समस्याको कल्पित समाधान प्रस्तुत गरेर आमजनलाई वास्तविकताबाट टाढा राख्दछ । यसप्रकार धर्मले प्रतिक्रियावादी राजनीतिको मानसिक आधार तयार गर्दछ ।

धर्म के हो ?

वर्ग समाजको उत्पत्तिपछि शोषकवर्गले आफूलाई सुदृढ गर्नेक्रममा राज्यसत्ता निर्माण गऱ्यो । भौतिक सत्ता चिरस्थायी गर्न उसलाई विचार र समाजिक मूल्यजस्ता अप्रत्यक्ष र सूक्ष्म हतियारको पनि आवश्यकता महसुस भयो । त्यही बौद्धिक सत्ता सुदृढ गर्नेक्रममा सामन्तवादले पुनर्जन्म, भाग्यवाद, जादुगरी, टुनामुना, स्वर्ग, नरक आदिको परिकल्पना गरेको थियो । पुँजीवादले सुरुमा सामन्तवादसँग लड्नेक्रममा धार्मिक सत्ताका विरुद्ध भण्डाफोर अभियान चलाएको थियो । सामन्तवाद र साम्राज्यवादका बीचको अपवित्र साँठगाँठपछि धार्मिकता र शोषणमा आधारित सत्ता टिकाउन आवश्यक महसुस गरी पुँजीवादले धर्म विरोधी अभियान रोकेको मात्र होइन, पादरी र चर्चको शरणमा लम्पसार परेको छ । यतिबेला मार्क्सवादबाहेक धार्मिक सत्ताका विरुद्ध टक्कर लिने कुनै अर्को विरोधी पक्षको अस्तित्व छैन ।

धर्मका सम्बन्धमा फ्रेडरिक एङ्गेल्सको भनाइ छ "कुनै पनि धर्म मानिसको मस्तिष्कमा ती बाध्य शक्तिहरूको कपोलकल्पित प्रतिबिम्बसिवाय अरू केही होइन, जसले मानिसको दैनिक जीवनमा उनीहरूमाथि प्रभुत्व जमाएका हुन्छन् । यस्तो प्रतिबिम्बमा पार्थिव शक्तिहरूले नै अपार्थिव रूप लिन पुग्दछन् ।"१ प्रकृतिका रहस्यहरूप्रति अनभिज्ञता, उत्पीडनबाट पैदा हुने निस्सहायताको भावना, प्राकृतिक प्रकोप र प्रकृतिका रहस्यहरूप्रति अनभिज्ञता नै धार्मिक भावनाको उत्पत्तिको कारण हो । समाज विकासको निश्चित चरणमा धर्मको उदय भएको थियो र मानवजाति पूर्ण भौतिकवादी भएपछि धर्मको आधार समाप्त हुनेछ । पुँजीवादीहरू धर्मलाई सर्वकालिक र धार्मिक भावना मान्छेको प्राकृतिक गुण भन्दछन् ।

साम्राज्यवादले पश्चिमी अतिक्रमणकारी संस्कृतिको प्रचार, जासुसी संयन्त्रको घुसपैठ, पश्चिमी दासत्वकरण र ती सबैको केन्द्रमा स्थानीयताको निषेध र साम्राज्यवादी व्यापार विस्तारको रणनीति अपनाएको छ । धर्मले समाजमा खेल्ने भूमिकालाई बुँदागत रूपमा हेरौँ -

- जीवन र जगत्प्रति विभ्रम (उल्टो चेतना) निर्माण गर्नु
- श्रमिकजनको चेतनामा विद्रोही भावनाको अन्त्य गराउनु, मानसिक दासत्व सिर्जना गर्नु
- राजा, महाराजा र पण्डित, पुरोहित, पादरी, मुल्लाहरूलाई ईश्वरीय शक्तिका रूपमा स्थापित गर्नु
- ऐतिहासिक भौतिकवादी ज्ञान सिद्धान्तको निषेध गर्नु
- नरकको भय सिर्जना गर्नु, आतङ्कित पार्नु, कष्टकर जीवन बनाउनु र आत्मपीडक संस्कारको सिर्जना गर्नु
- सत्ता उत्पीडनलाई पूर्व-जन्मको फल भन्नु र उत्पीडन गर्नु
- आर्थिक शोषण गर्नु
- जातीय, क्षेत्रीय, लैङ्गिक, रङ र क्षेत्रीय उत्पीडनलाई नैतिक र स्थायी ठहऱ्याउनु ।
- धार्मिक संहिताद्वारा सामन्ती सत्ताको पूरक बन्नु
- बौद्धिक शोषणलाई स्थायित्व प्रदान गर्नु
- परनिर्भरता तथा दास मानसिकता, निरीहता भाव सिर्जना गरी मानव(ीय शक्तिलाई निरीह बनाउनु
- जनतामा राज्यको नियन्त्रण कायम गर्न परिपूरक बन्नु
- जीवन र जगत्को विकासका नियमहरूलाई मिथ्याकरण गर्नु
- पुँजीवादी बजार विस्तारको हतियार बन्नु
- अन्यायपूर्ण युद्ध र अपराधलाई दैविक इच्छा भन्दै त्यसलाई नैतिक र अनिवार्य ठहऱ्याउनु आदि ।

धर्ममा रहेको जनपक्षीय विचार, शान्तिको प्रचार र आजभोलि धर्मले विज्ञानको आड लिने प्रसङ्ग त्यसको प्रतिगामी तथा जनविरोधी सारतत्वको रक्षाकवचसिवाय केही होइन । धार्मिक समुदायमा जतिसुकै विविधता र परिवर्तन भए पनि तिनीहरू सबैको सर्वकालिक विशेषता भनेको उत्पीडितवर्गमाथि दमन र शोषण नै हो । अध्यात्मवादीहरूले मार्क्सवादीहरूलाई लगाउने गरेको धर्म विरोधी आरोपका सन्दर्भमा कम्युनस्टि पार्टीको घोषणापत्रमा भनिएको छ, 'कम्युनिस्टहरूका विरुद्ध धार्मिक र वैचारिक आधारमा लगाइएका आरोपहरूमाथि खासै ध्यान दिन आवश्यक छैन । वास्तविक कुरा के हो भने व्यक्तिको स्थिति सांसारिक स्थितिअनुसार परिवर्तन भइरहन्छ । "धर्म वास्तविकताको विकृत र कपोलकल्पित प्रतिबिम्ब हो । जीवन र जगतका भौतिक परिवर्तनअनुसार मान्छेका धार्मक चेतनामा पनि परिवर्तन आइरहैन्छ ।"

धर्म र नैतिकता

शोषकवर्गले धार्मिकतालाई नैतिक बताएको छ । जब कि नीतिशास्त्र सामाजिक प्राणीबीचको सम्बन्धलाई नियमित र व्यवस्थित गर्ने साधन हो भने धर्म मृत्युपछिको पुनर्जन्मसँग सम्बन्धित छ । अगस्त फ्रेडरिक बेबेलले भनेका छन्, "नैतिक र नीतिशास्त्र भनेका त्यस्ता धारणाहरूका अभिव्यक्ति हुन्, जसले मानिसहरूका कार्य र एकको अर्कोप्रति तिनीहरूको सम्बन्धलाई नियमित गर्छन् । धर्मले चाहिँ पारलौकिक प्राणीहरूप्रति मानिसहरूको कार्यलाई नियमित गर्छन् ।" त्यसैले धर्मको नैतिकतासँग कुनै नाता छैन ।

धर्म शोषकवर्गको बलियो औजार भएको छ । गान्धीवादी चिन्तक जेसी कुमारम्पा भन्छन्, "पश्चिमी देशहरूका ४ ओटा हातहरू छन् : स्थलसेना, नौसेना, वायुसेना र चर्च । तिनैको माध्यमले उनीहरू संसारभरि आफ्नो स्वार्थ पूरा गर्छन् । सन् १९७९ मा जब अमेरिका र चीनका बीचमा पहिलोपटक कुटनीतिक सम्बन्ध कायम गर्नका लागि चीन र अमेरिकाका बीचमा वार्ता भएको थियो, अमेरिकी राष्ट्रपति जिमी कार्टरले चीनसँग तीनओटा शर्त राखेका थिए (१) चीनमा चर्चहरू खोल्न दिनुपर्ने (२) बाइबल प्रकाशित गर्न दिनुपर्ने (३) इसाई मिसनरी फेरि चीन प्रवेशका लागि खुला गर्नुपर्ने । त्यसबेला माओ त्से तुङ नेतृत्वको चीनले अमेरिकाको तेस्रो शर्त अस्वीकार गरेको थियो । नेपालमा पृथ्वीनारायण शाहले पादरीहरूलाई देश निकाला गरेको तथ्य हाम्रासामु छँदैछ । चीनले अहिले पनि इसाई मिसनरीलाई 'आध्यात्मिक अतिक्रमणकारी' ठान्दछ ।

एकेश्वरवाद, बुद्धवाद र धर्म

पुरोहित र सत्ता गठजोडद्वारा अपनाइएको धर्मको



कर्मकाण्डी स्वरूपका विरुद्ध अध्यात्मवादीहरूकै उदार तप्काले चलाएको सुधारवादी चिन्तन नै एकेश्वरवाद हो । दशौँ शताब्दीदेखि अठारौँ शताब्दीसम्म यसले आन्दोलनलाई उत्कर्षमा पुऱ्याएको थियो । सर्वप्रथम जैन धर्मको रूपमा एकेश्वरवाद अस्तित्वमा आयो । त्यसपछि तिर्थकरका रूपमा 'महिषि' को नाम आउँछ । चौबीसौँ तथा अन्तिम तिर्थकर 'महावीर' ले जैन धर्मलाई उत्कर्षमा पुऱ्याएका थिए । उनले भौतिक सुख त्याग गरेर कष्टकर जीवनयापन गरे । ईपू ५७६ मा नेपालमा बुद्धको जन्म भयो । गौतम बुद्धले एकेश्वरवादको व्यापक प्रचार गरे । उनले कर्मकाण्डी तथा पुरोहितवादको विरोध गरे । बुद्धको अहिंसाको प्रचारले व्यापक जनआकर्षण भएपछि हिन्दु धर्ममा साकाहारीको प्रचार भयो । त्यसपूर्व हिन्दु धर्ममा साकाहारी थिएनन् । ईश्वर केवल एक मात्र छन् र तिनको उत्तराधिकार छैनन् भन्ने धारणा नै एकेश्वरवाद हो; जसले राजा, मुल्ला, पादरी, लामा, पण्डित आदिको धार्मिक-सत्ता अस्वीकार गर्दछ । एकेश्वरवाद अध्यात्मवादकै उदारवादी धारा हो । त्यसैले धर्म र एकेश्वरवादका बीचमा हिंसात्मक झडप हुँदै आएको छ । सामन्ती सत्ताको दैवीय स्वरूपको विपक्षमा रहेका कारण यो धारा दमित छ ।

एकेश्वरवादीहरूले राजा, पुरोहित, सत्ता र ईश्वरको बीचमा कुनै नाता रहन्न भनेका थिए; जसका कारण धर्मको आडमा सत्ता र सत्ताधारी बौद्धिकवर्गले जनतामाथि गर्दै आएको आर्थिक, बौद्धिक शोषणप्रति गम्भीर प्रश्नचिन्ह उठ्यो । पुरोहितवाद, कर्मकाण्डी संस्कार अनैतिकताको आरोप झेल्न बाध्य भयो; जसका कारण पुरोहितवाद र सत्ताले एकेश्वरवादलाई अपराध घोषणा गरे । धार्मिक शोषण र उत्पीडनका कारण जनतामा ईश्वरप्रति नै वितृष्णा पैदा भएका कारण धर्मको नाममा भएको शोषण अन्त्य गरी ईश्वरभक्तिमा जनतालाई मुखरित गर्नु एकेश्वरवादीहरूको उद्देश्य थियो ।

कर्मकाण्डी विरोधी आन्दोलनलाई भक्ति आन्दोलन पनि भनिन्छ । एकेश्वरवादको नेतृत्व सन्तहरूले गरेका थिए । भारतमा कविर, गुरुनानक, तुकाराम, वैष्णववादी सन्तहरू पनि जोडिएका थिए । नेपालमा शुक्रराज शास्त्रीले एकेश्वरवादको प्रचार गरेका थिए । उनलाई कर्मकाण्डी राणाहरूले हत्या गरे । एकेश्वरवादले कर्मकाण्डवादको राजनीतिक चरित्र उदाङ्गो पारेको थियो । कर्मकाण्डवाद जनशोषणको राजनीतिक हतियार हो । धर्मको स्थानमा ईश्वरको सत्ता स्थापना गर्नु, आर्थिक-सामाजिक हैसियत फरक भए पनि सबै प्राणी बराबर हुन् भन्ने धारणा एकेश्वरवादीहरूले राखे । त्यसले जनताको सहानुभूति पायो । विभेदकारी कुलीनवर्ग त्यसप्रकारको धारणाबाट चिढियो । राजालाई ईश्वरको प्रतिनिधि मान्ने सबै प्राणीहरू समान ठान्ने एकेश्वरवादीहरू अर्थात् ईश्वरवादीहरू राजाज्ञा मान्न बाध्य थिएनन्; जसका कारण सामन्ती नाइकेहरूले ईश्वरवादीहरूलाई राजद्रोही घोषणा गरे । १९९७ मा नेपालमा शुक्रराज शास्त्रीलाई राणा शासनको विरोध गरेको भनेर मृत्युदण्ड दिइयो ।

एकेश्वरवाद कुनै भौतिकवादी धर्म विरोधी धारा होइन । यो अध्यात्मकताकै कट्टरता विरोधी उदारवादी धारा हो । राणा शासन विरोधी सहिद शुक्रराज शास्त्रीले भारतका एकेश्वरवादीहरूबाट प्रभावित भएर काठमाडौँमा 'समाज सुधार आन्दोलन' चलाएका थिए । राज्यसत्ताको मूल चरित्र र आर्थिक प्रश्नमा निकास नभएका कारण एकेश्वरवाद असफल भयो ।

धर्म र कम्युनिस्ट नीति

कम्युनिस्टहरूले धर्मका सम्बन्धमा कस्तो नीति अपनाउने भन्ने सम्बन्धमा कुनै स्थिर मान्यता छैन । आम सामाजिक चेतनाको स्तर र क्रान्तिको चरणले त्यसको निरुपण गर्दछ । त्यसैले आजको सामन्तवाद-साम्राज्यवाद विरोधी नयाँ जनवादी क्रान्तिको चरणमा धर्मसम्बन्धी नीतिलाई निम्न तीन कोणबाट हेर्न सकिन्छ -

(क) कम्युनिस्टको हकमा- कम्युनिस्ट पार्टी र सङ्गठन भनेको द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोणको वाहक धारा हो । त्यसैले कम्युनिस्टहरूलाई ऐतिहासिक भौतिकवादको अभियन्ता मानिन्छ । कम्युनिस्ट पार्टीको सदस्यता लिनका लागि विश्व दृष्टिकोणप्रति स्पष्टता र पक्षधरता अनिवार्य छ । अध्यात्मवाद विरोधी धारामा बसेर धर्म मान्नु नैतिक हुन सक्दैन । । अध्यात्मवादप्रति विश्वास छ भने पुँजीवादी सामन्तवादी सङ्गठनमा रहनु नै जायज हुन्छ । त्यसैले कम्युनिस्ट पार्टीका सदस्यहरूले धार्मिक मूल्य, मान्यता, आदर्श छोडेर भौतिकवादप्रति आस्था राख्नु अनिवार्य छ । किरण भन्छन्, "मार्क्सवाद धार्मिक उत्पीडन, अन्धविश्वास र हस्तक्षेपको विरोधी मात्र होइन, अन्ततः धर्मकै विरोधी रहेको छ", (मार्क्सवादी दर्शन, पृ. ३४७, प्रगतिशील अध्ययन केन्द्र, २०६७) ।

(ख) राज्यको हकमा- नेपाल अहिले सामन्तवाद-साम्राज्यवाद विरोधी क्रान्तिको चरणमा छ । यस चरणमा कम्युनिस्ट राज्य, सरकार, राजकीय निकायहरू सबै तप्काका जनताको साझा संस्था भएकोले ती आस्तिक, नास्तिक या अन्य सबै विचार र समूहका जनताको साझा रहनुपर्दछ । तिनले सबैका भावनाहरूको उचित प्रतिनिधित्व गरेको हुनुपर्दछ । त्यसचरणमा धर्मबाट राज्यलाई अलग गरिनुपर्दछ । धार्मिक समुदायहरूले राज्यमा विचारधारात्मक, राजनीतिक र आर्थिक हस्तक्षेप गर्न पाउनेछैनन् । त्यो जनताको आस्थाको छनोटको स्वतन्त्रतामा छोडिनुपर्दछ । लेनिनले भन्नुभएको छ, "राज्यबाट चर्चलाई अलग गर्नु, चर्चबाट विद्यालयलाई अलग गर्नु, व्यक्तिलाई मन परेको धर्म छान्न पाउने स्वतन्त्रता दिनु र जहाँसम्म राज्यको सम्बन्ध छ, (राज्यले) धर्मलाई व्यक्तिगत मामिला घोषणा गर्नुपर्दछ ।" बहुराष्ट्रियता, बहुजाति, बहुसंस्कृति, बहुधार्मिक देश नेपाललाई हिन्दु राज्य घोषणा गरेर राजतन्त्रात्मक नेपालमा अन्य जनसमुदायलाई धार्मिक कोणबाट आन्तरिक शरणार्थी बनाइएको थियो । भारतलाई धर्म निरपेक्ष देश घोषणा गरे पनि राज्य र शासकीय शक्ति केन्द्रहरूको हिन्दु धर्मप्रति पक्षधरता छ र अन्य धर्मप्रति राजनीतिक र आर्थिक भेदभाव छ । औपचारिक र कानुनी रूपमा भारत धार्मिक स्वतन्त्रता भएको देश हो तर सारतत्वमा अहिले पनि भारत हिन्दु देश नै बनिरहेको छ । सार्वजनिक पहल र शक्तिकेन्द्रहरूले धर्मप्रति पक्षधरता देखाउँछन् भने त्यो देशमा धार्मिक स्वतन्त्रता सम्भव छैन । राज्य र धर्मका बारेमा कार्ल मार्क्सको भनाइ छ, "जहाँसम्म राज्यको सम्बन्ध हो, धर्मलाई व्यक्तिगत मामिला मानिनुपर्दछ तर जहाँसम्म पार्टीको सवाल हो, हामीले धर्मलाई कुनै पनि हालतमा व्यक्तिगत मामिला मान्न सक्दैनौँ । धर्मसित राज्यको कुनै सरोकार हुनुहुँदैन र धार्मिक संस्थाहरूको पनि सरकारी सङ्गठनहरूसित कुनै प्रकारको सम्बन्ध हुनुहुँदैन ।" राज्य धर्म-निरपेक्ष रहनुपर्दछ । उसले धर्मप्रति स्वतन्त्र भूमिका (स्वेच्छिक) हुन सक्दैन । राज्यको ढुकुटी प्रयोग गरेर कुनै पनि राज्य धर्म-निरपेक्ष बन्न सक्दैनन् ।

(ग) जनताको हकमा- जनतालाई वैयक्तिक आस्थाका विषयमा दबाब वा बाध्य पार्न सकिन्न । धर्म मान्ने वा नमान्ने दुबै हक जनतामा निहीत छ । धार्मिक सत्ताधारीहरूले भौतिकवादमाथि हमला गरिरहेका छन् । उनीहरू भौतिकवादी हुनु अज्ञानी र अनैतिक कार्य हो भनी जनमत निर्माण गर्छन् तर नैतिकता र ज्ञान वर्ग-सापेक्ष विषय हुन् । शोषकवर्गको सत्य र नैतिकता श्रमिकवर्गको लागि भ्रम र अनैतिकता हुने गर्छ । धर्मको नाममा हुने आर्थिक शोषण, अन्धविश्वासको प्रसार, भेदभाव, छुवाछूत, सार्वजनिक सम्पत्तिको दुरुपयोग भने राज्यद्वारा नियन्त्रित गरिनुपर्दछ ।

धर्मको सम्बन्धमा कम्युनिस्ट नीति भनेको सारांशमा, कम्युनिस्टको हकमा भौतिकवाद, राज्यको हकमा धर्म निरपेक्षता र जनताको हकमा धार्मिक स्वतन्त्रता' नै हो । यो पुँजीवादी जनवादी क्रान्तिको चरणका लागि अर्थात् पुँजीवादबाट समाजवादमा सङ्क्रमणकालीन अवधिका लागि धर्मसम्बन्धी कम्युनिस्ट धारणा हो । समाजवादी क्रान्तिको चरणमा धार्मिक स्वतन्त्रता आवश्यक र उचित दुबै हुँदैन । समाजवादी चरणमा धर्मको नाममा हुने शोषणको अन्त हुने, आम सामाजिक चेतना भौतिकवादी हुने, जनताको बहुमत भौतिकवादी चेतनाले समृद्ध बन्नेछ । त्यसप्रकारको समाजको नेतृत्व गर्ने राज्यले भौतिकवादको रक्षक र प्रवक्ता बन्नैपर्दछ ।

सारांश

धर्मको चरित्र जनविरोधी भए पनि जनताको हृदयमा त्यसको प्रवेश भएपछि त्यो आस्था र विचारको प्रश्न बन्दछ । आस्था, भावना र वैचारिक प्रश्नको समाधान बल प्रयोगद्वारा सम्भव छैन । अझ जनतासँगका सम्बन्धित प्रश्नहरूको समाधान त झनै संवेदनशील प्रश्न हुन् । विज्ञानका उपलब्धिहरू सबैमा लागु हुन्छन् तर त्यसको लागु हुने स्तर, स्थान र समयावधिमा विविधता हुन्छ । धार्मिक भावना जनतामा प्रवेश गरेपछि त्यसबाट पृथक हुन निश्चित भौतिक आस्थाहरू आवश्यक हुन्छन् । त्यसैले कार्ल मार्क्सले धर्मलाई 'अफिमको नसा' भन्नुभएको थियो । क्रान्तिको माध्यमबाट जीवनका भौतिक आस्थाहरूमा अर्थात् उत्पादक शक्ति र उत्पादन सम्बन्धमा सामाजिक सम्बन्धमा, जीवन-पद्धतिमा, जीवनयापनका साधनहरूमा परिवर्तन भएपछि मान्छेको आस्था, विचार, विश्वदृष्टिकोण र चिन्तनमा पनि परिवर्तन आउन थाल्दछन् । त्यसका लागि निश्चित पुस्ता र प्रक्रियाबाट गुज्रनैपर्दछ । मानिसका भौतिक आस्थाहरूमा परिवर्तन नआई समय गुजार्दैमा अर्थात् सचेतन प्रयत्नबिना त्यसको गति अति नै धिमा हुनेछ । त्यसप्रकारको कष्टसाध्य प्रक्रियाबाट गुज्रिँदै गएर मात्र धार्मिकता, आध्यात्मिकताको स्थान भौतिकवादले लिनेछ । धर्म नामको विष-वृक्षका पोथ्रा-पोथ्रामा विज्ञानरूपी तेजाब नछर्की त्यसको मृत्यु सम्भव छैन ।

धर्मको मामिलामा गर्नुपर्ने तात्कालिक (कार्यनीतिक) कार्य भनेको धार्मिक कट्टरताका विरुद्ध सुधारवादी कार्य हो । समाज विकासको निश्चित चरणमा त्यो काम एकेश्वरवादीहरूले गरेका थिए । धार्मिक कार्यमा हुने आर्थिक बोझ र शोषणलाई न्यूनीकरण गर्नु यस क्षेत्रको अर्को कार्यभार हो । दान, दक्षिणा, यज्ञ, पूजापाठ, बली, भाकल, भोज आदिमा ठूलो आर्थिक दुरुपयोग र शोषण भइरहेको छ । त्यसलाई पूर्ण निषेध सम्भव नभए पनि नियन्त्रण सम्भव छ ।

द्रष्टव्य :

(१) कार्ल मार्क्स/फ्रेडरिक एङ्गेल्स, सङ्कलित रचना सङ्ग्रह, खण्ड २०, पृष्ठ ३२८ लेनिन सङ्कलित रचनाएँ, (दश खण्डों मे) खण्ड ३, पृष्ठ २४८, प्रगति प्रकाशन मस्को, १९८१ ।

(**लेखकको प्रकाशित कृति 'समकालीन साहित्य र संस्कृति' पुस्तकबाट साभार**)

रातोखबर साप्ताहिक अब ....

एकैसाथ प्रकाशित हुनेछ । अबदेखि बुटवल, नेपालगञ्ज, पोखरा र धरानबाट समेत प्रकाशित हुने रातोखबर साप्ताहिकका प्रबन्ध निर्देशक भीम प्रसाद चापागाईले बताउनुभयो ।

रातोखबर साप्ताहिक विगत ६ वर्षदेखि निरन्तर प्रकाशित हुँदै आइरहेको छ। यस पत्रिकाले विभिन्न खाले विकृति विसंगति एवं भ्रष्टाचारको विरोध, राष्ट्रिय स्वाधीनता तथा सुशासनका साथै श्रमजवी वर्गको पक्षमा आवाज उठाउँदै आइरहेको छ।

जनयुद्धकालीन जग्गा ....

विक्री गर्न लागेको भन्दै उक्त जग्गा खरिदविक्री गरेमा कारवाही गर्ने बताएका छन् ।

उनले वक्तव्यमा उक्त जग्गा पार्टीले फुकुवा नगरेको र पार्टी मातहतमा रहेको भन्दै विक्री गर्न वा गराउन खोजिए त्यसपछिको परिस्थितिको जिम्मेवार स्वयम् हुने बताएका छन् ।

वक्तव्यमा भनिएको छ, 'पार्टीको उक्त जग्गा जोकसैले पनि किनबेच नगर्न र नगराउन सम्बन्धित पक्षलाई सचेत गराउँदछौं । यदि उक्त जग्गा खरिद विक्री गरिए वा गराउन खोजिएमा दुवै पक्षलाई पार्टीले कडा कारवाही गर्ने र त्यसबाट उत्पन्न परि स्थितिको जवाफदेही उनीहरू स्वयम् नै हुने स्पष्ट गर्दछौं ।'

सरल माझीलाई ....

छन् ।

वक्तव्यमा भनिएको छ, 'अखिल नेपाल जनसांस्कृतिक महासङ्घ अन्तर्गत केन्द्रीय सामना सांस्कृतिक परिवारका प्रमुख एवम् जनप्रिय जनकलाकार सरल माझीलाई सामाजिक फासिवादी केपी ओली सरकारले २०७७ साल माघ २४ गते सामान्य अवस्थामा हिंडिरहेको अवस्थामा बाग्लुङ जिल्लाको खर्ज्याङबाट गिरफ्तार गरेको घटनाप्रति हाम्रो सङ्गठनको घोर आपत्ति प्रकट गर्दछ । हाम्रो सङ्गठन जनताका प्रिय कलाकारमाथि भइरहेका गिरफ्तारीलगायत अनेक प्रकारका दमन र ज्यादती तत्काल रोक्न कडा चेतावनी दिन चाहन्छ ।'

वक्तव्यमा अगाडि भनिएको छ, 'नेपालको परिवर्तनकारी आन्दोलनमा जनताका कलाकार हरूको अद्वितीय भूमिका रहँदै आएको छ। बलिदान, समर्पण, शौर्यको प्रतिबम्बका रूपमा स्थापित सामना सांस्कृतिक परिवार र जनताका प्रिय कलाकार हरूमाथि पटक-पटक दलाल सामाजिक फासिवादी व्यवस्थाका मतियारहरूले गिरफ्तारी गर्ने, धरपकड गर्ने, वाद्यवादनका सामग्री लुट्ने, झुट्टा मुद्दामा फसाउने हर्कत गर्दै आएको छ । कमरेड सरल माझीको गिरफ्तारी त्यसैको पछिल्लो फासिवादी कडी हो ।'

वक्तव्यमा महासचिव थपलियाले समकालीन नेपाली राजनीतिको यस्तो विशिष्ट अवस्थामा जनताका कलाकारलाई बिनाकारण गिरफ्तार गरिनु सामान्य परिघटना हुनै नसक्ने भन्दै आफ्नो सङ्गठन जनताको महान् बलिदानबाट प्राप्त राजनीतिक-वैचारिक अधिकारको सम्मान गर्न आग्रह गरेका छन् ।

वक्तव्यमा, हाम्रो सङ्गठन पक्राउ परेका जनकलाकार सरल माझी एवम् बाग्लुङ इन्चार्ज कमरेड छम सेनलाई तुरुन्त रिहा गर्न जोडदार माग गर्दछ । हाम्रो सङ्गठन क्रान्तिकारीहरूलाई मारेर, थुनेर, थकाएर, गलाएर वा आत्मसमर्पण गराएर महान् जनक्रान्तिको गतिवान प्रवाहलाई रोक्ने सपना नदेख्न पनि यसै वक्तव्यमार्फत चेतावनी दिन चाहन्छ ।

वक्तव्यको अन्त्यमा भनिएको छ, ' एकातिर वार्ताको हल्ला चलाउने र अर्कोतिर नेता-कार्यकर्तालाई निरन्तर धरपकड र गिरफ्तार गर्ने ओली सरकारको यस प्रकारको निकृष्ट कार्यको जति निन्दा र भर्त्सना गरे पनि कम हुन्छ । अतः ससंदीय सत्ताको सिनो लुछ्ने झगडामा निर्लिप्त भ्रष्ट र दमनकारी शासक एवम् असफल सिद्ध भइसकेको दलाल संसदीय व्यवस्थालाई ध्वंस गर्दै वैज्ञानिक समाजवादी व्यवस्थाको स्थापनार्थ जनक्रान्तिको आँधी-तुफानमा समाहित हुन पनि हामी यसै वक्तव्यमार्फत सबैलाई आह्वान् गर्दछौं ।'

चार कम्युनिस्ट पार्टी ....

स्थापना गर्ने उद्देश्यका साथ रणनैतिक संयुक्त मोर्चा निर्माण भएको छ । उक्त मोर्चा आउँदो माघ २९ गतेका दिन प्रज्ञा भवन कमलादीमा कार्यक्रम गरेर आफ्ना भावी योजना, कार्यक्रम र अवधारणालाई सार्वजनिक गर्दैछ । श्रोतका अनुसार घोषित कार्यक्रममा आयोजकहरुले उक्त दिन वर्तमान सरकार र राज्य व्यवस्थाका विरुद्ध श्रृङ्खलावद्ध आन्दोलनको घोषणा पनि गर्दै छ ।

चार पार्टीका शिर्षस्थ नेताहरुको बैठकले मोर्चाको साङ्गठनिक संरचना पनि टुङ्ग्याएको बुझिएको छ। गत पुसमा पहिलो पटक चार पार्टीका मुख्य नेताले रणनैतिक संयुक्त मोर्चा बनाउने निर्णय गरेको एक विज्ञप्तिमार्फत् सार्वजनिक गरेका थिए। विप्लवले नेतृत्व गरेको नेकपाका नेता धर्मेन्द्र बास्तोलाको गिरफ्तारीका कारण मोर्चा घोषणाको कार्यक्रम ढिला हुन पुगेको बुझिएको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीले पुस ५ गतेपछि प्रतिगमन भयो भन्दै त्यसका विरुद्धमा संसद पुनर्स्थापना गर्ने र ओलीको कदम सही छ भन्दै दिनदिनै सहर र राजधानीमा भएका संसदीय पार्टीहरुको विकल्पमा जनवाद/समाजवादको वैकल्पिक सरकार र सत्ताको नाराका साथ आन्दोलन गरिने भएकाले यो घोषणाले निराश र आक्रोसित जनतामा सकारात्मक प्रभाव पर्ने बुझ्नुकहरुको भनाइ रहेको छ।

नेकपाका नेता ....

प्रत्यक्षीकरण आदेशमा बास्तोलामाथि लगाइएको आरोपमा वस्तुनिष्ठ आधार प्रमाण नभएको, पक्राउको पृष्ठभूमि हेर्दा फरक विचार र आस्था राखकै कारणबाट पक्राउ गरिएको ठहर गरिएको छ। तर अदालतबाट बन्दीप्रत्यक्षीकरण आदेश जारी भएर रिहा भएलगत्तै बास्तोलालाई प्रहरीले फेरि पक्राउ गरेको छ।

नेता बास्तोलालाई अहिले महानगरीय प्रहरी वृत्त कमलपोखरीमा राखिएको जनाइएको छ । बास्तोलालाई पुस २९ गते ललितपुरको गिम्दीबाट प्रहरीले पक्राउ गरेको थियो । उनीमाथि प्रहरीले विष्फोटक पदार्थ (बम) विष्फोट गराई कर्तव्य ज्यान, ज्यान मार्ने उद्योगमा ललितपुर जिल्ला अदालतमा मुद्दा चलाएको थियो । बास्तोलाको गिरफ्तारपछि नेकपाले नेपाल बन्दसहितका सङ्घर्षका कार्यक्रम घोषणा गरेको थियो।

भागिरथीको ....

नसकिरहेका बेला बैतडीमा अर्की १७ वर्षीया बालिका भागिरथी भट्टको स्कुलबाट फर्किदा बलात्कारपछि हत्या भएपश्चात प्रचण्ड-माधव समूहकी स्थायी समिति सदस्य समेत रहकी नेतृ भुसालले आक्रोस व्यक्त गरेकी हुन् ।

कुन बाटो ...

प्रतिगमनकै स्तरमा पुगाउन खोजे भने उनको लागि त्यो निकै प्रत्युत्पादक हुनेछ।

यथास्थितिको चिरपरिचित बाटो

प्रधानमन्त्री ओलीले घोषणा गरेझैं देश यदि मध्यावधि चुनावकै बाटोमा गयो भने या प्रचण्ड-माधव-रामचन्द्रहरूले भनेझैं संसद् पुनःस्थापनाको बाटोमै गएछ भने पनि त्यो यथास्थितिकै चिरपरिचित बाटो हो । फरक यति मात्रै हो कि केपी ओलीको बाटोबाट हिंडेमा चुनाव छिटो हुनेछ । सांसद्हरूको जागिर छिट्टै समाप्त हुनेछ । तर, प्रचण्ड-माधव-रामचन्द्रहरूले भनेझैं पुनःस्थापनाको बाटोबाट गएमा चुनाव केही ढिला हुनेछ । हालका सांसद्ज्यूहरूको जागिर केही समय लम्बिनेछ । तर, दुईवटै बाटोबाट आउने परिणाम भने एउटै हो- उनै पात्र, उही प्रवृत्ति र पुरानै नौटंकी । चुनावबाट आउने पात्र र चुनावमा गाउने गीत पुरानै हुनेछ । जनता र राष्ट्रले व्यहोर्ने समस्याहरू भने ज्युँकात्युँ रहिरहनेछन् ।

अग्रगमनकारी 'लोहापुर' को बाटो

जुन समय र स्थानबाट प्रतिगमनको बाटो सुरु हुन्छ, ठीक त्यही स्थान र समयबाट अग्रगमनको बाटो सुरु हुनेमा कुनै विवाद छैन। तर, अग्रगमनको बाटो प्रायः 'स्वर्णपुरी' को नभएर 'लोहापुरे' हुने गर्दछ । त्यसका लागि अग्रगमनकारीहरूले ' फलामका च्युरा' चपाएर, 'स्फटिक खम्बा' एक चोट बराबरीमा छ्याप्पै ढालेर प्रतिगमन र यथास्थितिका दुबै बाटा एकैसाथ घडप्प बन्द गर्नु अनि त्यहीबेर खम्बाभित्रबाट निस्कने अपसकुनी 'भँवरा' हरूलाई हातले किचिमिची पार्न सक्नुपर्नेछ। किंवदन्तीमय कथाझैं लामो समयदेखि नेपाली जनता यही युगान्तकारी समयको व्यग्र पर्खाइमा कुरिरहेका छन् । निश्चित हो कि देशलाई शताब्दियौं लामो यथास्थितिको भुँमरी र बेलाबखतमा आइरहने फासिवादी र प्रतिगमनकारी हुण्डरीहरूबाट बचाउन ढिलो चाँडो एउटा समय र एउटा पुस्ता अग्रगमनकारी लोहापुरकै गन्तव्य हिंड्न अनिवार्य छ। यद्यपि, नेपाली इतिहासमा यसखाले प्रयासहरू बेलाबखत नभएका भने होइनन् तर ती बिचमै अलपत्र परे । तिनको समेत गम्भीर शिक्षा लिएर अर्को यात्रा निकै जरुरी भइसकेको छ।

अग्रगमनको बाटो किमार्थ अनावश्यक होइन, न त असम्भव नै हो । त्यसका लागि संसद् विघटनको साइडबाट हेर्ने हो भने अब प्रधानमन्त्रीले संविधानमै व्यवस्था भएअनुसारको 'समाजवाद उन्मुख' पाइलो सार्दा मात्रै पनि काफी हुन्छ। त्यसका लागि उनले जम्माजम्मी तीनवटा कार्य गरे पुग्छ । पहिलो, जनजीविकासम्बन्धी कार्य । जनजीविकाअन्तर्गत हालका लागि शिक्षा, स्वास्थ्य र जमिनको पूर्ण राष्ट्रियकरण गर्नु, कृषिको आधुनिकीकरण एवम् व्यवसायीकरण गर्नु र ठुला उद्योगहरूको राष्ट्रियकरण गर्नु आधारभूत सर्तहरू हुन्। दोस्रो, जनतन्त्रसम्बन्धीको कार्य। जनतन्त्रसम्बन्धीको प्रमुख विषय हो- भ्रष्टाचारको अन्त्य। त्यसका लागि भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण गर्नु तथा प्रमुख राजनीतिक नेतृत्व एवम् संवैधानिक निकायका प्रमुखहरूको सम्पत्ति अनिवार्य छानबिन गर्नुपर्छ । तेस्रो, कार्य हो राष्ट्रियतासम्बन्धीको । नेपाल-भारत खुल्ला सिमाना नेपाल र भारत दुबै देशको सामरिक रणनीतिको लागि संवेदनशील विषय विषय हो। यसको भरपर्दो नियमन दुबै देशका लागि उत्तिकै अनिवार्य छ । लिपुलेक-लिम्पियाधुरा-कालापानी बर्षौंदेखिको विवादित भूगोल हो र त्यसका लागि उच्चस्तरीय कुटनीतिक पहलसमेत आवश्यक छ । असमान सन्धि-सम्झौताहरूको खारेजी या पुवरावलोकन गर्नुपर्दछ । तर, तत्कालका लागि भारतीय पक्षबाट सिमानामा दिन-रात गरिने अतिक्रमण राष्ट्रियतासम्बन्धी निकै सकसपूर्ण चुनौती बनेको छ । त्यसका लागि कमसेकम सिमानालाई सिल गर्नु र वर्क परमिट लागु गर्नु तत्कालका लागि अनिवार्य आवश्यकता देखिन्छ।

प्रधानमन्त्री केपी ओलीको जानेमानेको बाटो भनेको यथास्थिति नै हो । उनले अग्रगमनको लागि संसद् विघटन गरेकै होइनन् । संसद् विघटन उनको लागि कुर्ची जोगाउने च्याँखेदाउ मात्र हो । केपी ओली समूहले लिएको वैचारिक-राजनीतिक दृष्टिकोण र नीतिले स्पष्ट गरेको कुरा यो हो कि उनी अग्रगमनका पहलकर्ता त हुनै सक्दैनन्, अग्रगमनका पक्षपाती हुनसमेत उनलाई गाह्रो छ।

अब अलिकति संसद् पुनःस्थापनाको साइडबाट पनि विषय र परिस्थिलाई हेरौं– संसद्को पुनःस्थापना के का लागि ? प्रचण्ड, माधव, झलनाथ, शेरबहादुर या हालसम्म प्रधानमन्त्री नपाएका त्यसमा पनि प्रखर युवा भनिएकामध्येका कोही व्यक्तिलाई प्रधानमन्त्री बनाएर यो समस्याको समाधान हुने हो ? समस्या वास्तवमा कुनै पात्र विशेषको हुँदै होइन । समस्या मूलतः अर्थ-सामाजिक प्रणालीको हो । समस्या चिन्तन प्रणालीको हो । समस्या राजनीतिक संस्कारको हो । समस्या बूढो या युवा पुस्ताको होइन । अर्को कुरा, संसद्को पुनःस्थापनालाई संविधान रक्षाको विषय बनाउनु चुनावी मसलाबाहेक अरू केही पनि होइन। आखिर संसद् विघटन संसदीय व्यवस्थाकै एउटा उपकार्यबाहेक अरू के नै पो हो र ? संसद् पुनःस्थापनाको पक्षमा वकालत गरिरहेको पंक्ति र उनीहरूको दृष्टिकोण या उनीहरूको गन्तव्य पनि अग्रगमनको पक्षमा कुनै पनि हालतमा छैन । अझ त भन्ने हो भने कुनै पनि दृष्टिले दुई फरक धारमा उभिएका उनीहरूको बिच तात्विक भिन्नता छैन । विचार, दृष्टिकोण, संस्कार, शैली, आदर्श, मूल्य हरदृष्टिबाट उनीहरू एकै हुन् । एउटै चिन्तन पद्धति र एउटै उत्पादन सम्बन्धका उपज हुन् ।

यसको बाबजुद पनि संसद्को विघटन प्रधानमन्त्रीको स्वेच्छाचारी कदम अवश्य हो । यो स्वेच्छाचारिताका पछाडि दुईवटा प्रमुख कारणहरू रहेका छन्। प्रथम, राजनीतिक पार्टीहरूभित्र जकडिएर रहेको सामन्ती संस्कृति । दोस्रो, विश्व एकाधिकारी पुँजीवाद निःसृत दलाल संस्कृति । नेपाली समाज आज पनि सामन्ती संस्कृतिको प्रभावकारी असरबाटै गुज्रिरहेको छ । राजनीतिक प्रणालीमा सामन्तवाद पराजित भए पनि संस्कृति र उत्पादन सम्बन्धमा आज पनि सामन्तवाद निकै जबर्जस्त स्थानमा रहिरहेको छ। सामन्ती संस्कृतिको परिणाम यो हुन्छ कि कार्यकर्ताहरू नेताहरूका लागि खेताला हुन्छन् भने नेताहरू कार्यकर्ताका लागि मालिक। जहाँ नेता र कार्यकर्ताको सम्बन्ध मालिक र खेतालाबिचको सम्बन्ध बन्न पुग्दछ भने त्यहाँ जतिसुकै जायज भए पनि कार्यकर्ताले दिएका सुझावहरू र आलोचनात्मक मतहरू नेताहरूको स्वाभिमानमाथि प्रहार गरिएका पत्थर बन्न पुग्दछन् । त्यसैगरी, दलाल संस्कृतिको परिणाम यो हो कि कार्यकर्ताहरू नेताहरूका बिकाउ 'माल' हुन् । तिनलाई पैसा र पदले खरिद गर्न सकिन्छ । कार्यकर्ता स्वयम् पनि लिलाम बजारका 'माल' बनिदिन्छन्। उनीहरू स्वयम् नै लिलाम बढाबढमा दाखिला हुन पुग्छन् । पैसा र पदको लागि बुर्कुसी मार्दै यता र उता कुद्न पुग्छन् । दलाल संस्कृतिअन्तर्गत नेता र कार्यकर्ताको सम्बन्ध पुँजीपति र मजदुरबिचको सम्बन्ध जस्तो हुन जान्छ। यी दुबै विकारबाट नेपाली समाज र नेपाली राजनीति निकै प्रदूषित छ; जसको परिणाम नै देश, जनता एवम् कार्यकर्ताप्रति नेताहरू अनुत्तरदायी भइरहेका छन् । पार्टीभित्र र सिंगो देशमाथि आफ्नो स्वेच्छाचारिता लादिरहेका छन् । आजसम्मको भुक्तमानले सावित गर्दै आइरहेको कुरा यो हो कि नेताहरू एकाधिकार पुँजीका मालिकहरूप्रति, कमिसनखोर र माफियाहरूप्रति उत्तरदायी हुन्छन्, आफ्ना कार्यकर्ता र जनताप्रति होइन । अतः स्वेच्छाचारिताविरुद्धको लडाइँ केवल केपी ओलीका विरुद्धको मात्र लडाइँ नभएर नेपाली समाजमा व्याप्त सामन्ती संस्कार र दलाल पुँजीवादी प्रणालीविरुद्धको लडाइँ हो ।

अग्रगमन कठिन तर आवश्यक कार्य हो । यथास्थिति सजिलो तर अनावश्यक कार्य हो। प्रतिगमन कठिन र अनावश्यक दुबै हो। नेपाली समाज अझै संक्रमण र अस्थिरताकै बिचबाट गुज्रिरहेको छ । जसरी स्थिरताबिना विकास सम्भव छैन, ठीक त्यसैगरी अग्रगमनबिना स्थिरता असम्भव छ । संसद् विघटनको यो परिघटनालाई अग्रगमनको दिशातिर बढाउन अग्रगमनसहितको स्थिरता र स्थिरतासहितको विकासलाई आत्मसात् गर्नैपर्छ । विशेषगरी युवा मित्रहरूमा हाम्रो अपिल छ- प्रतिगमनका मतियार र यथास्थितिका चाटुकार होइन, हामी युवाहरू अग्रगमनका वाहक बनौं । मध्यावधि चुनाव या संसद्को पुनःस्थापना होइन, जनसंघर्षको बलमा, सडकबाटै किसान, मजदुर, मध्यम वर्ग, प्रगतिशील लोकतन्त्रवादी, देशभक्त र क्रान्तिकारी कम्युनिस्टहरूको संयुक्त सरकार निर्माण गरौं । संसद्वाद होइन, समाजवाद ढिलो या चाँडो नेपाली समाजको अग्रगमनकारी मूल बाटो हो ।

वार्ताभित्र ओलीको ....

आवरणमा कमरेड विप्लवलाई गोन्जालो बनाउने कुत्सित मनसायका साथ फासिस्ट सत्ताले बुन्दै गरेको दमनकारी र षड्यन्त्रकारी जालोलाई चकनाचुर पारौं। फेरि एकपटक समवेत स्वरमा भनौं- राजनीतिक प्रतिबन्ध हटाऊ, सम्पूर्ण राजबन्दीलाई रिहा गर, सम्पूर्ण झुट्टा मुद्दा खारेज गर ।

२६औं जनयुद्ध दिवस ....

प्रहरी शक्ति माओवादीबाट पराजित भएपछि गिरिजाप्रसाद कोइरालाले माओवादीविरुद्ध शाहीसेना परिचालनको तयारी गरेका थिए तर तत्कालीन राजा वीरेन्द्र माओवादीविरुद्ध सेना परिचालन गर्न तयार भएनन् र सेना परिचालनको अनुमति दिएनन्, बरु वार्ताबाट समस्याको समाधान गर्न पर्ने अडान लिए। त्यसपछि अर्धसैनिक बलको रूपमा सशस्त्र प्रहरी बल गठन गरी माओवादीविरुद्ध परिचालन भयो । तैपनि माओवादी जनयुद्ध निस्तेज भएन ।

२०५८ सालमा राजा वीरेन्द्रको वंशनासपछि देश संकट झनै गहिरिँदै गयो । सरकारले संकटकालको घोषणा गऱ्यो र सेना परिचालन गऱ्यो । राज्यले माओवादीलाई आतंककारी घोषणा गरी नेताहरूको टाउकोको मूल्य तोकेर जिउँदो वा मरेको अवस्थामा ल्याउनेलाई लाखौं पुरस्कार दिने घोषणा गऱ्यो । राष्ट्रिय रूपमा मात्र नभई अन्तर्राष्ट्रिय रूपबाट समेत राजनीतिक, आर्थिक र अनेकौं आधुनिक हातहतियार र सैन्य सहयोगसहित माओवादीलाई समाप्त पार्न अन्तर्राष्ट्रिय शक्ति केन्द्रसमेत लागिपरे । तर पनि तत्कालीन शाहीसेनाले पनि माओवादी जनयुद्धलाई समाप्त गर्न सकेन। बरु माओवादी जनमुक्ति सेनाले शाहीसेनाकै ब्यारेकमा आक्रमण गर्न थाले र सरकारी सेनाका अत्याधुनिक हतियार खोसेर लाने तथा थप शक्तिशाली हुने क्रममा वृद्धि भयो। झन् उच्च सैन्य संरचना र राजनीतिक संगठन घोषणा गर्दै जनतामा समेत झाङ्गिन पुग्यो ।

उता दुईपटक औपचारिक रूपले वार्ता भए पनि माओवादीका तर्फबाट राखिएको गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभाको निर्वाचन गर्नुपर्ने माग सरकारले अस्वीकार गरेपछि वार्ता असफल हुन पुग्यो।

तत्कालीन राजा ज्ञानेन्द्रले शाही 'कू' गरी सम्पूर्ण शक्ति आफ्नो हातमा लिएपछि संवैधानिक राजतन्त्र र संविधान मान्दै माओवादीविरुद्धमा रहेका नेपाली काँग्रेस, नेकपा एमालेलगायत अन्य राजनीतिक पार्टीहरू पनि माओवादीसँग हातेमालो गर्दै राजतन्त्रको अन्त्य गरी देशमा गणतन्त्र स्थापना गर्न र संविधानसभाको निर्वाचन गर्न तयार भए, जसको परिणाम २०६२ मा नेकपा माओवादी पार्टी र सात राजनीतिक पार्टीबिच १२ बुँदे सहमतिपत्रमा हस्ताक्षर भयो। यसरी जनयुद्धको जगमा ऐतिहासिक जनआन्दोलन २०६२/०६३ को सम्पन्न भयो र नेपालमा करिब साढे दुईसय वर्षको राजतन्त्रको अन्त्य भई लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको हो । माओवादी पार्टीको सिद्धान्तसँग पूर्णरूपमा सहमत नहुने तर आज आफूलाई लोकतान्त्रिक गणतन्त्र नेपालको नागरिक भएकोमा गौरव गर्ने जो कसैले पनि नेपालमा माओवादी जनयुद्धबिना लोकतान्त्रिक गणतन्त्र स्थापना सम्भव थिएन भन्ने ऐतिहासिक तथ्यलाई स्वीकार गर्दछन् । किनभने, जनयुद्ध र जनआन्दोलनको संयोजनबाटै देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएको हो।

त्यसो त माओवादी जनयुद्धलाई हिंसात्मक क्रान्ति भनी आलोचना गर्नेहरू पनि छन् । कुनै पनि क्रान्ति कमजोरीरहित हुँदैनन् कमजोरीसहित नै हुन्छन् । त्यस्तै, माओवादी जनयुद्धको सीमाहरूको पनि समयसापेक्ष समीक्षा हुनु स्वाभाविक मात्र होइन, आवश्यक र अनिवार्य पनि हुन्छ । नेपालका प्रायः राजनीतिक पार्टीहरूले आफूलाई शान्तिका पक्षमा देखाउने प्रयास गरे पनि अहिलेका सबै प्रमुख राजनीतिक पार्टीहरूको इतिहास र विरासत सशस्त्र क्रान्ति नै रहेको छ। २००७ सालमा नेपाली काँग्रेसले तत्कालीन जहानियाँ राणा शासनका विरुद्ध मुक्तिसेना गरी हतियारबद्ध संघर्ष नै संचालन गरेको थियो। २०२८/०२९ सालको झापा विद्रोहकै जगमा नेकपा एमाले निर्माण भएको थियो।

यद्यपि नेपालमा राजतन्त्रको अन्त्य, गणतन्त्रको स्थापना, संविधानसभा निर्वाचनपश्चात् जनताले जुन किसिमको अग्रगामी परिवर्तनको अपेक्षा गरेका थिए, त्यसका विपरीत गतिविधि र क्रियाकलापले जनतामा छिट्टै असन्तोषको सिर्जना भयो।

अर्कातर्फ माओवादी जनयुद्धको अन्तिम उद्देश्य केवल लोकतान्त्रिक गणतन्त्र मात्र थिएन । नयाँ जनवादी राज्यव्यवस्था स्थापना निर्णायक तयारी गर्न भन्दै शान्ति वार्तामा आएको माओवादी कतिपय विषयमा आँशिक सुधारका विषय उठाउन सफल भए पनि पुरानै सत्तासीन वर्गको वरिपरि रुमल्लिन पुग्यो । क्रान्तिमा जनताको पक्षमा दृढतापूर्वक उभिने माओवादी शान्ति प्रक्रियामा समेत आम जनसमुदायको साथ र सहयोग हुँदाहुँदै पनि प्रमुख नेताहरू नै आफ्नो घोषित नीति र अडानमा चुक्दै गयो। श्रमिक वर्ग, उत्पीडित समुदाय, राष्ट्रिय अर्थतन्त्र निर्माणका कार्यसूचीहरू कुनामा मिल्काइयो । गणतन्त्रका लागि लडेका जनमुक्ति सेनालाई गणतन्त्र ल्याएपछि विघटन गरियो, कैयौंलाई 'अयोग्य' घोषित गरियो।

जनयुद्धका सहिदहरूले राष्ट्रिय सहिदको मान्यता पाएनन्, अझै पनि पाएका छैनन् । बेपत्ताहरूको स्थिति अझै सार्वजनिक भएको छैन। सहिद परिवार, घाइते अपांगहरूको अवस्था कहाली लाग्दो छ।

उच्च र निम्नको वर्गविभेद अन्त्य गर्न क्रान्ति गरेको माओवादी पार्टीभित्रै दुई किसिमको वर्ग देखा पऱ्यो। आम जनतालाई देखाएको सपना, मुक्तिको यात्राबिचैमा छाडेर व्यक्तिगत हित र स्वार्थले प्राथमिकता पाउन थाल्यो । अन्ततः युद्धमा जित्दै आएको माओवादी पार्टी शान्तिकालमा पराजित भयो।

नयाँ व्यवस्था, प्रणाली र संस्कृतिको आशा र विश्वास बोकेका नेता कार्यकर्ता, प्रगतिका पक्षधर बौद्धिक वर्ग र आम जनसमुदाय समेत माओवादी पार्टी र नेतृत्वको यस किसिमको विचलन र व्यवहार आश्चार्यचकित र घोर निराशामा पुगे । माओवादी पार्टीभित्रै अन्तरसंघर्ष चल्न थाल्यो र आखिर माओवादीमा टुटफुट र विभाजन भयो।

अहिले जनयुद्धको प्रमुख नेतृत्व पुष्पकमल दाहाल वैचारिक विचलन र तत्कालीन एमालेसँग पार्टी विलय गरेलगत्तै शक्तिसंघर्ष गर्दै हाल पुनः पार्टी विभाजनको प्रक्रियामा छन् । अर्का नेता बाबुराम भट्टराई मार्क्सवादी र कम्युनिस्ट सिद्धान्त घोषितरूपमै परित्याग गरी मधेसवादी पार्टीसँग एकताबद्ध भएका छन् । जनुयुद्धकै प्रमुख नेतृत्वमध्येका मोहन वैद्य अहिले पनि क्रान्तिलाई निष्कर्षमा पुऱ्याउनुपर्ने मान्यतामा छन् । भने जनयुद्धका युवा नेता नेत्रविक्रम चन्द 'विप्लव' को नेतृत्वमा खड्गबहादुर विक 'प्रकाण्ड', धर्मेन्द्र बास्तोला, हेमन्तप्रकाश ओली 'सुदर्शन', सन्तोष बुढा मगरलगायत नेता-कार्यकर्ताहरू तत्कालीन नेतृत्व प्रचण्ड–बाबुरामले क्रान्तिलाई विश्वासघात गरेको निष्कर्षसहित नेपालमा नयाँ परिस्थितिमा नयाँ ढंगले क्रान्ति गर्नुपर्ने संश्लेषणसहित एकीकृत जनक्रान्तिको नेतृत्व गरिरहेका छन् । यतिबेला एकीकृत जनक्रान्तिको नेतृत्व गरिरहेको पार्टी नेपाल कम्युनिस्ट पार्टीमाथि सरकारले प्रतिबन्ध लगाएको छ । हेमन्तप्रकाश ओली, धर्मेन्द्र बास्तोला, चन्द्रबहादुर चन्द, माइला लामासहित सयौं नेता-कार्यकर्ताहरू जेल-हिरासतमा बन्दी छन् ।

प्रधानमन्त्री केपी ओलीले प्रतिनिधिसभा (संसद्) विघटन गरेपश्चात् देशकै राजनीतिक संकट अस्थिर र अन्यौलग्रस्त वर्तमान अवस्थामा यो प्रश्न माओवादी पार्टी वा कुनै अन्य पार्टीका बारे मात्र सीमित छैन । लोकतान्त्रिक गणतन्त्रको स्थापनाको १५ वर्षको अवधिमा पनि जनताका आधारभूत समस्या समाधान गर्न वर्तमान व्यवस्था असफल भएको छ । आम जनतामा पैदा भएको निराशा र आक्रोश संघर्षमा व्यक्त हुन लागिरहेको छ । यतिबेला ओली सरकार मात्र होइन, संसदीय व्यवस्था नै असफल भइसकेको विश्लेषण भइरहेको छ भने विकल्पको रूपमा नयाँ राजनीतिक व्यवस्थाबारे पनि छलफल केन्द्रित भइरहेको छ।

प्रतिबन्दका बाबजुद नेकपाले राष्ट्रियता, जनजीविका र समाजवादका पक्षमा निरन्तर संघर्ष गर्दै वर्तमान संसदीय लोकतन्त्रको एक मात्र विकल्प वैज्ञानिक समाजवाद भएको बताउँदै आफूलाई वैकल्पिक शक्तिको रूपमा अघि बढिरहेको छ।

अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीको भेला कपिलवस्तुमा सम्पन्न

कपिलवस्तु : नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल महिला संघ क्रान्तिकारीको कपिलवस्तु जिल्ला भेला सम्पन्न भएको छ। उक्त भेलाले ९ सदस्यीय जिल्ला समिति गठन गरेको बताइएको छ।

संगठनका संयोजक बन्धु चन्दले भेलालाई सम्बोधन गर्दै, महिलामाथि शोषण, हिंसा र उत्पीडनका विरुद्ध सम्पूर्ण महिलाहरुले एकीकृत भएर संघर्ष गर्नुपर्ने भन्दै त्यसका लागि संगठनमा आबद्ध हुनुपर्ने बताइन्। उनले महिलाहरुको वास्तविक मुक्ति वैज्ञानिक समाजवादमा मात्र सम्भव हुने बताउदै दलाल राज्यसत्ता विरुद्ध संघर्षको विकल्प नभएको बताइन्।

कार्यक्रममा नेकपा कपिलवस्तुका जिल्ला सेक्रेटरी शेरमान, संगठनकी लुम्बिनी ब्युरो संयोजक ममतालगायतले बोल्दै महिला मुक्ति एकीकृत जनक्रान्तिमार्फत हुने बताएका थिए।

अनेम सघं कैलालीद्वारा भागिरथी भट्टको दोषीलाई कडा कारवाहीको माग गर्दै प्रदर्शन

काठमाडौं : अखिल नेपाल महिला सघं क्रान्तिकारी कैलालीले बैतडीकी भागिरथी भट्टको बलात्कारपछि विभत्स हत्या भएको घटनाको विषयमा दोषीलाई सार्वजनिकसहित कडा कारवाहीको माग गर्दै कैलालीको लम्किचुहामा विरोध प्रदर्शन गरेको छ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्दै अखिल नेपाल महिला संघ क्रान्तिकारीकी केन्द्रीय सदस्य बिनिताले सामाजिक सुरक्षाको दायित्व राज्यको भएको तर राज्य यस्ता जघन्य अपराधको मुखदर्शक भएकाले अब महिला मुक्तिको आन्दोलनमा महिला नै सडकमा आउनुपर्ने बताइन्।

कार्यक्रमको सञ्चालन अखिल नेपाल महिला संघ क्रान्तिकारीकी जिल्ला अध्यक्ष सृष्टिले गरेका थिइन्।

जनपत्रकार सङ्गठन नेपालले अछाममा गऱ्यो अन्तरक्रिया

अछाम : जनपत्रकार संगठन नेपाल अछाम शाखाको आयोजनामा सदरमुकाम मंगलसेनमा "पत्रकारिताको आगामी कार्यभार र विद्यमान राजनैतिक सङ्कटको निकासको बाटो" बिषयक अन्तरक्रिया सम्पन्न भएको छ। मंगलसेनस्थित अछाम बहुमुखी क्याम्पस पत्रकारिता बिषयमा अध्ययनरत विद्यार्थीहरु र अन्य विद्यार्थीहरुसँग अन्तरक्रिया सम्पन्न भएको हो।

कार्यक्रममा जनपत्रकार संगठन नेपालका केन्द्रीय संयोजक शेरबहादुर विश्वकर्मा 'दर्शन' ले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रमाथि राज्यद्वारा विभिन्न ढंगले खोस्ने प्रयत्न गरिएको पत्रकारहरूको थप जिम्मेवार हुनुपर्ने बताएका थिए।

कार्यक्रमको सहजीकरण पत्रकार एवम् शिक्षक शिवराज ढुङ्गानाले गरेका थिए।

जनपत्रकार सङ्गठन नेपालको जिल्ला भेला सम्पन्न

अछाम : जनपत्रकार संगठन नेपाल अछामको जिल्ला भेला सम्पन्न भएको छ। संगठनका केन्द्रीय संयोजक शेरबहादुर विक 'दर्शन'को उपस्थितिमा सम्पन्न गरिएको भेलाले खेमराज बुढाको संयोजकत्वमा ११ सदस्यीय जिल्ला सम्मेलन आयोजक समिति गठन गरिएको छ।

भेलाले आगामी चैत्र १२ र १३ गते जिल्ला सम्मेलन गर्ने निर्णय गरेको छ। सम्मेलन सम्पन्न गर्नका लागि आवश्यक तयारी गर्ने निर्णय गरेको छ। त्यसैगरी नेपाल पत्रकार महासंघको आगामी महाधिवेशनमा सहभागिताका लागि आवश्यक तयारी र पहलकदमी गर्ने निर्णयसमेत गरेको छ।

संयुक्त जबस मोर्चाद्वारा कपिलवस्तुमा विरोधसभा

कपिलवस्तु : नेकपा निकट जबस मोर्चाहरुले कपिलवस्तुमा संयुक्त विरोध प्रदर्शन गरेका छन्। सहिद दिवसको सन्दर्भ पारेर गरिएको मोर्चाको विरोध सभामा अखिल नेपाल जनस्वास्थ्यकर्मी महासंघका लुम्बिनी ब्युरो संयोजक शिलाले वली-प्रचण्ड-नेपाल समूहले सहिदको सपना बिर्सिएको भन्दै सहिदहरुको सपना पुरा गर्न नयाँ क्रान्ति आवश्यक भएको बताइन्। अखिल (क्रान्तिकारी)का जिल्ला अध्यक्ष विज्ञानले सहिदहरुका सपना पूरा गर्न क्रान्तिमा लामबद्ध नेता कार्यकर्ताहरुलाई दलाल सरकारले प्रतिबन्ध लगाएर दमन तथा धरपकड गरेको भन्दै त्यसको सबैले प्रतिरोध गर्नुपर्ने बताए। नेकपाले हरेक बर्ष माघ १६ लाई सहिद दिवसको रुपमा मनाउँदै आएको छ।

अनेम सङ्घ क्रान्तिकारी बैतडीद्वारा भट्टको हत्याको विरोधमा ज्यालीसहित कोणसभा

■ **रातो खबर संवाददाता**/काठमाडौं

नेपाल कम्युनिष्ट पार्टी निकट अखिल नेपाल महिला संघ क्रान्तिकारी बैतडीले भागिरथी भट्टको बलात्कारपछि हत्या भएको विरोधमा गर्दै विरोध र्यालीसहित कोणसभा गरेको छ।

बैतडी जिल्लाको दोगडाकेदार गाउँपालिका ६ सित्तडको सलेनामा भएको कार्यक्रमलाई अखिल नेपाल महिला संघ क्रान्तिकारी सेतीमहाकाली संयोजक पुर्णिमा धामीले सम्बोधन गरेकी छिन्। देउलेक ७ कतुला बस्ने भागरथी भट्टको सामुहिक बलात्कारपछि हत्याको विरोधमा भएको सभालाई सम्बोदन गर्दै उनले बलात्कारीहरुलाई सार्वजनिक गर्न सरकारलाई चेतावनी दिदै महिला दिदी बहिनीहरुलाई एक ढिक्का भई गोलबन्द हुन आह्वान गरिन्।

साथै अहिलेको राज्य व्यवस्थाले न्याय दिन नसकेकै कारण दिनप्रतिदिन यस्ता जघन्य अपराध बढिरहेको भन्दै सम्पूर्ण महिलाहरु न्याय र मुक्तिका लागि एकीकृत जनक्रान्तिको बाटोमा अघि बढ्न पनि अपिल गरेकी छिन्। नेपाल कम्युनिस्ट पार्टीका जिल्ला सचिव लक्ष्मणले कोणसभालाई सम्बोधन गर्दै सरकारले बलात्कारीहरुलाई छिटो सार्वजनिक नगरे थप संघर्षका कार्यक्रमहरु गर्ने उद्घोष गरे। उहाँले उक्त घटनाको निश्पक्ष ढंगले छानबिन गरि बलात्कारीलाई सार्वजनिक गर्न सुरक्षा निकायहरुलाई आह्वान गरे। कार्यक्रमको अन्तमा पार्टी एरिया इन्चार्ज आजादले कोणसभा समापन गर्नु भएको थियो।

काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय
सहकारी विभाग, बिजुलीबजार

काठमाडौं महानगरपालिका कार्यक्षेत्र भएका सहकारी संस्थाहरुलाई कोपोमिस (COPOMIS) प्रणालीमा आवद्ध हुन विवरण पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !

(प्रथम पटक प्रकाशन मिति : २०७७।१०।.....)

सहकारी नियमावली,२०७५ को नियम २८ (४) मा "सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्यावसायिक कारोवारको विवरण विभागले तोकेको सूचना प्रणालीमा समेत प्रविष्टि गर्नुपर्नेछ" भन्ने व्यवस्था भए बमोजिम काठमाडौं महानगरपालिका कार्यक्षेत्र भएका सम्पूर्ण सहकारी संस्थाहरुले विभागले तोकेको कोपोमिस (COPOMIS) प्रणालीमा प्रविष्टि हुन देहायको विवरण १५ दिनभित्र विभागमा उपलब्ध गराउनुहुन अनुरोध गरिन्छ।

- टेलिफोन नम्बर, मोबाइल नम्बर र सम्पर्क व्यक्ति (अध्यक्ष वा व्यवस्थापक)
- दर्ता नम्बर
- पान नम्बर
- विनियम
- संचालकको विवरण (तीनपुस्ते विवरणसहित शेयर विवरण)
- मासिक प्रगति

यो सूचना प्रणालीमा आवद्ध हुन User Id र Password यस विभागबाट प्राप्त गर्न सकिनेछ।

(यस निर्देशनको अवज्ञा गरेमा कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ)

नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।
उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

हार्दिक श्रद्धाञ्जली

जन्म २००३/०३/१० **यशोमाया भन्डारी** **निधन** २०७७/१०/२१

हाम्रो सङ्गठन जनगणतान्त्रिक सम्पर्क मञ्च, केन्द्रीय समन्वय समितिका सदस्य क. राममृष्ण भन्डारीकी ममतामयी आमा श्रीमती यशोमाया भन्डारीको यही मिति २०७७/१०/२१ गतेका दिन दुःखद निधन भएकोमा मृतकप्रति हार्दिक श्रद्धाञ्जली साथै शोकसन्तप्त परिवारप्रति गहिरो समवेदना प्रकट गर्दछौं।

जनगणतान्त्रिक सम्पर्क मञ्च
केन्द्रीय समन्वय समिति

निर्देशक : **वसन्त श्रेष्ठ**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **धनराज शाही**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं